# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ९ असार २०८१

# आइतवार

# बैठक सङ्ख्या- १६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो।

(१३:१८ बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म, माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु।सर्वप्रथम माननीय सदस्य रेनु चन्द । समय १० मिनेट। त्यसपछि माननीय सदस्य जित जंग बस्नेत।

(१३:१८ बजे)माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी कन्द्र):-सम्माननीय अध्यक्षज्यू, "खोल्नै पर्छ बन्द ओठ, फाल्नै पर्छ छाउपडी गोठ" यो नारा हामीले जनयुद्ध कालमा लगाउँथ्यौं र केही दिन अगाडि त्यही छाउपडी गोठमा बसेर, बसिरहेको किशोरीमाथि आक्रमण भएको छ। महिलाहरूले आफ्नो जीवनमा, जीवनको अवधिमा करिब करिब ३० वर्षसम्म यो महिनावारी हामी हुन्छौं। यो हाम्रो जीवनको सबभन्दा सक्रिय काल पनि हो। यसमा हामी बच्चाबच्ची जन्माउँछौं। आफ्नो करियर अगाडि बढाउँछौं।औसत आयु जो नेपाली महिलाको छ,

त्यसको लगभग, लगभग यो आधि अवधि हुन जान्छ। छाउपडी, पर सर्ने, बाहिर हुने, नछुने हुने etcetera, etcetera यसलाई जे नाम दिए पनि यो हाम्रो नेपाली समाजमा प्रचलित एउटा सामाजिक पद्धति वा प्रथा रहेको छ। अन्य देश र धर्महरूमा पनि यो प्रथा छ। र यो equally नै त्यति नै विभेदकारी छ, जति हाम्रो समाजमा छ। हाम्रो नेपाल देशमा, हाम्रो नेपालको संविधानमा यसको बारेमा के लेखिएको छ त भनेर सरसर्ती सामान्य हेर्दाखेरि मैले पाएको कुरा संविधानको मौलिक अधिकारअन्तर्गत भेदभाव तथा अपमानजनक व्यवहारविरुद्धको अधिकारको व्यवस्था गरिएको छ। संविधानको धारा २९ को २ मा धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिको, कुनै पनि किसिमको शोषण गर्न नपाउने उल्लेख गरिएको छ। संविधानको धारा २८ को २ र ३ मा प्रत्येक महिलाको सुरक्षित मातृत्वलगायतका अधिकारहरूको संरक्षण गरिएको छ। संविधानको धारा २९ (२) मा पनि महिला अधिकारको व्याख्या गरिएको छ। संविधानको धारा ५१ (ग) को देहाय ५ मा उल्लेख अधिकारहरूले महिलाहरूको हक अधिकारको बारेमा कुरा गर्दछ। घरेलु हिंसा कसुर तथा सजाय ऐन, २०६६ छ र लेटेस्ट मुलुकी फौजदारी संहिता ऐन, २०७४ ले यसलाई कसुरमा दर्ज गरेको छ जसमा तीन महिनासम्म कैद वा ३,००० सम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ६८(३) मैले नेपालीमा भन्न जानिनँ। यो बारेमा यसको विषयमा व्यवस्था गरेको छ।

नेपाल सरकारले छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४ जारी गरेको छ। छाउपडी प्रथा उन्मूलन नीति प्रदेशमा पनि छ जसमा मुख्यमन्त्री, मन्त्रीहरू, प्रमुखहरू, उपप्रमुखहरू, वार्डका अध्यक्षज्यूहरूसम्म बस्ने गरी व्यवस्था मिलाइएको छ। यति धेरै कानुनी र संवैधानिक व्यवस्था हाम्रा छन् तर कहिले सर्पले टोकेर, कहिले जङ्गली जनावरले आक्रमण गरेर, कहिले चिसो लागेर, न्यानो बनाउन बालेको आगोले निस्सासिएर, कहिले बलात्कार भएर र कहिले हत्या गरेर अहिले छाउपडी प्रथामा महिलाहरूको हत्या भइरहेको छ, मृत्यु भइरहेको छ। मैले पहिला पनि यो सदनमा यही मञ्चबाट भनेको थिएँ। taboo को नाममा, प्रथाहरूको नाममा प्रत्येक वर्ष मर्डर भइरहेको छ। तर कोही जेल गइरहेको छैन जबकि नेपालको संविधानले र कानुनले यसलाई कसुरजन्य अपराधकोरूपमा अङ्कित गरिसकेको छ। स्कुल जान पाएका छैनन् विद्यार्थी, बालबालिकाहरूले काम गर्न पाएका छैनन्, वृत्ति विकास अवरुद्ध भएको छ। तर पनि न समाजले यसलाई टेरपुच्छर लागेको छ, न कानुन बनाउनेले, न कानुन लागू गर्नेले ।

फेरि यसपटक छाउगोठमा बसेकी महिलामाथि आक्रमण भएको छ । सम्माननीय अध्यक्षज्यू के फरक पर्छ आक्रमण पशुले गर्यो कि, मान्छेरूपी पशुले गर्यो। ज्यान त हाम्रो गइरहेको छ। त्यसैले सम्माननीय अध्यक्षज्यूमार्फत म गृहमन्त्रीज्यूको तुरुन्त जवाफको माग गर्दछु। Monitoring कसरी भइरहेको छ, यो विषयमा गृहमन्त्रीज्यूले जवाफ दिनुपर्छ। किन कसुरजन्य अपराध घोषणा गरिएको कानुनहरू लागू भइरहेको छैन। र पालिकाहरूमा पनि कति पालिकाहरू, छाउपडी पालिका मुक्त भनेर घोषणा गरिएको छ|यसको सङ्ख्या कति भएको छ? यसको जवाफ पनि सरकारले गृहमन्त्रीज्यूले यहाँ आएर सम्मानित सदनमा दिनुपर्यो। यो रुलिङ सम्माननीय अध्यक्षज्यूले यथाशीघ्र गर्नुपर्यो भनेर म जोडदार माग पनि राख्न चाहन्छु।

नेपाल विभिन्न सन्धिहरूको पक्ष राष्ट्र भएको छ। नेपाल CEDAW को पक्षराष्ट्र हो महिलाबिरुद्धको सबै प्रकारका विभेद अन्त्य गर्नका लागि नेपाल प्रतिबद्ध छ। रजस्वला हुँदाखेरि उत्सव मनाउने, सेलिब्रेट गर्ने र त्यसपछि लगेर छाउपडी गोठमा असुरक्षित राखिदिने, मर्नका लागि राखदिने। छाउपडी गोठ हो कि स्लटर हाउस बनाएको छ भन्ने कुरा अब व्याख्या गर्नुपर्ने बेला आइसकेको छ। राजनीतिक वृत्तमा पनि अस्पष्टता देखिन्छ। यो प्रथा हो? यो कुप्रथा हो भनेर घोषणा भएको पनि १८ वर्ष भइसक्यो। राजनीतिक वृत्तमा पनि भोट बैंक खलबलिएला कि भन्ने डरले राजनीतिक नेताहरू पनि यसमा प्राय पुरुष हुनुहुन्छ त्यसैले पनि बोल्न डराउनुहुन्छ। दुईवटा कुरा हुनसक्छ, एउटा त हामी महिलाहरूको प्रब्लम के छ भन्ने कुरा जानकारी नभएर हो कि अथवा यति डर छ बैंकको कति, कतिपयले कति दकियानूसी प्रकारका तर्कहरू दिइराखु भएको छ भने सुविधाजनक बनाए भइहाल्यो नि भनेर पनि तर्क दिन्छन्। राज्यले कसुरजन्य अपराध भनिसक्यो नेताले के भन्छन् भनेपछि गोठ चाहिँ एसी लगाएर बनाउ। यस्तो दकियानूसी तर्क पनि हामीले नेताहरूको मुखबाट सुनिरहेका छौं, त्यसैले राजनीतिक नेतृत्व राजनीतिक गर्ने साथीहरूको चेतना स्तरमा पनि यसको प्रभाव कस्तो परेको छ भन्ने मैले यहाँ राख्न चाहें, धर्मसँग जोडिदिन्छन्। धर्मसँग यो छाउ, मिन्स हुने कुरालाई महिनाबारी हुने कुरालाई धर्मसँग जोड दिन्छन्। धर्ममा लेखेका कुराहरू परिवर्तन गरेको होइन त हामीले नै गरेको हो नि। गायत्री मन्त्र सुन्दाखेरि कानमा सुन पगालेर हालेर मृत्युदण्ड दिएको होइन? अलाना फलाना जातिले चाहिँ सुन्न पाइँदैन भनेर। आज गायत्री मन्त्र मोवाइलको ring tone हो, खै त कोही मरेको, खै त कसैलाई मृत्युदण्ड दिएको। गौदान गर्थे अहिले गोबरको ढिस्को बनाएर दुबोको पुच्छर बनाएर गौदान गरे संशोधन त गर्ने रहेछन् त आफ्नो अनुकूलतामा, आफ्नो अनुकूलतामा सबै संशोधन गर्ने तर फेरि महिलाहरूको सन्दर्भमा

आउँदाखेरि महिलालाई दबाउने, महिलालाई हिंसामा पार्ने सबै प्रकृतिका संयन्त्रहरू जबरजस्तरूपमा जीवित राख्ने जो प्रयासको गरिरहेको छ। यसको म घोर निन्दा गर्दछु। र यो यस्ता महिलासँग सम्बन्धित कुराहरू उठाउनको निम्ति पनि हाम्रो महिला समिति आवश्यक भएको छ। यसको बनाउनमा पनि ढिला भइरहेको छ भन्ने कुरा पनि मैले यहाँ राख्न चाहें। र अन्तमा म के भन्न चाहन्छु भने यो प्रजनन अङ्गमा काल बोकेर, मृत्यु बोकेर हामीले कहिलेसम्म हिड्ने हो। हामी महिलाहरू कहिलेसम्म आफ्नो शरीरमा मृत्यु बोकेर हिंड्ने हो यसको जवाफ हामीलाई कसले दिने हो र अघि कुरा पनि भयो कति चोटी तपाईंहरू छाउपडी गोठको कुरा उठाउनुहुन्छ भन्ने कुरा भयो जबसम्म यो निर्मूल हुँदैन तबसम्म हामी यसको कुरा उठाउने हो। समान कामको समान ज्याला भनेर हामीले कुरा उठाएको कति सय वर्ष भैगो। जबसम्म यो निर्मूल हुँदैन तबसम्म हामी कुरा उठाउन प्रतिबद्ध छौं, थाक्नेवाला छैनौं । तपाईंहरू हामीलाई कसैलाई थकाउने प्रयास तयारी गरिराखु भाछ भने we are also ready भन्न चाहन्छौं। तर म सम्माननीय अध्यक्षज्यूमार्फत गम्भीरतापूर्वक भन्न चाहन्छु गृहमन्त्रीज्यू यहाँ आउनुपर्यो। यो विषयमा जवाफ दिनुपर्यो यो धेरै संवेदनशील कुरा रहेको छ।

प्रदेशमा पनि यसको ऐन कानुन बनेको छ, तिनी पनि कार्यान्वयन भइरहेका छैनन्। कसुरजन्य अपराध भएर किटान गरिसकेको कुरा चाहिँ यदि हामी लागू गर्न सक्दैनौं भने यो राज्यलाई कसले टेर्ला । यो केवल कुनै कुप्रथाको कुरा होइन अध्यक्षज्यू र माननीयज्यूहरू। यो नेपाल देशको आधा जनसङ्ख्याको अधिकारको कुरा हो। जब हामी महिलाको कुरा गर्छौं नेपाल देशका जनसङ्ख्याको ५१% महिलाहरूको कुरा गर्छौं, हामी आधा जनसङ्ख्याको कुरा गर्छौं। आधा जनसङ्ख्यालाई दबाएर आधा जनसङ्ख्यामाथि शोषण गरेर कुनै पनि समाज अगाडि बढ्न सक्दैन। यसलाई धर्मसँग पनि जोड्नु हुँदैन, यसलाई राजनीतिसँग पनि जोड्नु हुँदैन। नेपालको संविधानले दिएको अधिकारहरू नेपालको कानुनले दिएका अधिकारहरू तुरुन्त कार्यान्वयन हुनुपर्छ। गृहमन्त्रीज्यू यहाँ आएर जवाफ दिनुपर्छ भन्ने जोडदार माग राख्दै म आफ्नो भनाइ टुङ्ग्याउँछु। धन्यवाद। लाल सलाम।

<u>सम्माननीय अध्यक्षः</u>-माननीय सदस्य जित जंग बस्नेत समय ८ मिनेट। यसपछि माननीय सदस्य भगवती न्यौपाने।

(१३:२८ बजे)<u>माननीय श्री जित जंग बस्नेत (नेपाली काँग्रेस)</u>:-धन्यवाद अध्यक्ष महोदय, सर्वप्रथम त म संघीय कर्मचारी साथीहरूले केही माग राखेर आन्दोलन गर्नुभयो। ती मागको विषयमा जायज मागको विषयमा आज कानुनमन्त्रीको अध्यक्षतामा तीन सदस्यीय समिति पनि बनेको छ। र ति मागहरू जायज पनि छन्। र बजेटले चाहिँ कर्मचारीको तलब भत्ता नबढाएको धेरै वर्ष भयो। म अध्यक्ष महोदयमार्फत भन्न चाहन्छु कि सम्पूर्ण कर्मचारी निजामती कर्मचारी, शिक्षक, प्रहरी, सेना जति पनि कर्मचारी छन् ती सम्पूर्णको तलब भत्ता चाहिँ बढोस्। नेपालमा बसेर खान गाह्रो भो त्यो थोरै तलबले चाहिँ कर्मचारी टिक्न पनि टिक्दैन, कोही पनि टिक्न सक्ने अवस्था छैन। भ्रष्टाचार बढेको बढ्यै छ, कालोबजारी बढेको बढ्यै छ। हामी कालोबजारी पनि रोक्न नसक्ने, भ्रष्टाचार पनि रोक्न नसक्ने अनि त्यही तलबले चाहिँ कर्मचारी बाँच्नुपर्छ भन्ने कुरा गलत हो। त्यसैले चाहिँ कर्मचारीको तलब बढाउन नितान्त आवश्यक भएको छ।

अघि अस्ति भर्खरै हो मैले एउटा प्रतिनिधि सभामा एकजना माननीय महिला माननीय सांसदले चाहिँ माननीयहरू पुरुष माननीयहरू चाहिँ रक्सी खाएर आउनुहुन्छ भन्नु भयो। म यसमा चाहिँ के भन्न चाहन्छु भने कोही पुरुष माननीय अथवा कोही माननीय पनि संसदमै रक्सी खाएर आउने, संसदको अनुशासनको कुरा गर्ने अनि आफू नै अनुशासनहीन हुने कार्य चाहिँ नहोस्। त्यस्तो कार्य भएको छ भने कारबाही हुनुपर्छ भन्ने चाहिँ छ। ६ महिनाको निलम्बन हुनुपर्छ भन्ने चाहिँ मेरो यो सुझाव पनि छ।

अब अर्को कुरा बलात्कारलाई, बलात्कारीलाई एउटा भाष्य बनाउन खोजियो। सेलिब्रेटीले बलात्कार गर्दैन, नेताले बलात्कार गर्दैन, प्रहरी, सेनाले बलात्कार गर्दैन, बलात्कार गर्ने, त्यो गरिबी जनताहरू बलात्कार भन्ने मानसिकता हो अध्यक्ष महोदय। त्यो मानसिकताले बलात्कार गर्ने हो। बलात्कारीलाई कहीँ पनि छोडिनुहुन्न, त्यो सेलिब्रेटि किन नहोस्, त्यो नेता किन नहोस्, त्यो नेताको छोरा किन नहोस्। जो होस् बलात्कारीलाई कारबाही हुनुपर्छ। एउटा भाष्य बनाउने खोजेको हो, यो भाष्यलाई चाहिँ हामीले चिर्न जरुरी छ। त्यही भएर मैले यो बलात्कार विषयमा बोलेको हो।

अध्यक्ष महोदय, अहिले वृद्धभत्ताको कुरा आएको छ। राष्ट्रिय परिचयपत्र चाहिन्छ भनेर कुरा आएको छ। यो नेपालमा चाहिँ हामी नै भन्छौं युवाहरू पलायन भए, पलायन भए, पलायन भए, बुढाबुढी मात्र छन् गाउँघरमा, सबै ठाउँमा छ, भन्छौं अनि त्यो फेरि राष्ट्रिय परिचयपत्र पनि चाहिने भनेपछि त्यो दुःख दिने काम होइन? सहजीकरण गर्ने कि नागरिकताले चाहिँ वृद्धभत्ता पाइरहेको छ भने सहजीकरण गर्ने कि हामी झन् झन् दुःख दिने हो भने यो कस्तो व्यवस्था हो? हामीले जनताको

लागि ल्याएको व्यवस्था हो कि ठुलो बडालाई ल्याएको व्यवस्था हो? गरिब जनतालाई ल्याएको व्यवस्था होला नि यो त। त्यो भएको हुनाले बृद्धभत्ताको लागि नागरिकता भए पुग्छ।

अब यो मेरै कुरा गर्नुहुन्छ भने मेरै जिल्लाको कुरा गर्नुहुन्छ भने खोकना र बुंगमतीमा भूकम्प गयो। त्यो महाभुकम्पमा म चाहिँ सहयोगीको रूपमा हिँडेको थिएँ। एउटै घरमा चार चार जना परिवार बस्ने। ती बुढाबुढी थानकोट कटेर गएछन्। जवाफ पनि आएको छैन ल। तिनीहरूको नागरिकता छैन। आज एउटा व्यवस्थापन गऱ्यो, वृद्ध भत्ता दिएको छ। अब परिचयपत्र पनि कहाँबाट लिने छोराछोरी छैन। अब म जस्तो छोराछोरी भए मेरो बाउआमाले वृद्ध भत्ता पाउने भए। अब सबै कुरो जान्या छ, गर्ने भने पछि त ठुलो बडाले मात्र पाउने भयो। त्यो भएको हुनाले यो परिचयपत्र अहिले मुद्दा पनि अदालतमा पनि छ। यो चाहिँ खारेजी होस्। यो परिचयपत्रको व्यवस्था चाहि यो वृद्ध भत्ताकोलागि खारेज होस् भन्न चाहन्छु।

साथसाथै यो महानगरपालिकामा अहिले ठुलो झगडा पडेको छ, लफडा। वडा अध्यक्ष र मेयरको बिचमा लफडा छ। मेयर सावले राम्रै काम गरेको गर्नुभएको छ, नराम्रो काम होइन। तर काम गर्दाखेरि सरोकारहरूसँग कुरा गरेर सहयोगीहरूसँग कुरा गरेर काम गर्दा राम्रो हुन्छ। अब यो ललितपुर र भक्तपुर कस्तो भयो भने ट्रेडिसनल्ली खाना खानै नपाउने। अनि तपाईंको हिजोको ठेला खर्च नै हरायो के। हामी खाली जग्गामा पार्क बनाउछौं। खाली जग्गामा बरु पार्किङ्ग राख्छौं। अनि ठेलाहरू विस्थापित भए। त्यो ठेलाको व्यवस्थापन हुनुपर्छ। किनभने सराध्ये आउँदाखेरि वर्षको एक दिन दुई दिन सराध्ये हुन्छ, पात किन्न कहाँ जाने? अनि काठमाडौंमा फूल किन्नै नपाउने भो। दसैं तिहारमा त फूल चाहिन्छ त। फूल पनि सबै हटाइदिएको छ। अनि नेवारी कल्चर अनुसार हामीले खाने मम, योमरी, त्यो त हिजो चाहि हामी ठेलामा खान पाउँथ्यौं नि। चिया ठेलामा बसेर सस्तो चिया चाहिँ साथीलाई गफ गर्दै बस्दै। यी कल्चरलाई पनि यो कल्चरलाई पनि हामीले बचाउन जरुरी छ। त्यो भएको हुनाले ठेलाको कल्चरलाई पनि एक ठाउँमा जहाँ चाहिँ पार्क हुन्छ भने पनि त्यहाँ ठेला लगाऔं। ठेलाले पैसा तिर्नु छ भने त्यसले चाहिँ सरसफाइको पैसा तिर्छ नि।

अनि हामी अतिक्रमणको कुरा गर्छौं। काठमाडौंमा अतिक्रमण भएको छ तीन आना, चार आना जग्गामा घर भत्काइन्छ। ठिक छ घर भत्काउनुपर्छ, अतिक्रमण गर्न पाइन्न। तर हामीलाई थाहा छ अध्यक्ष महोदय, वन विनाश भएको छ। वन अतिक्रमण भएको छ, नेपाल अधिराज्यभरको चाहिँ वन अतिक्रमण भएको छ। आज १० वर्ष अगाडिको कुरा गर्ने हो भने कति हेक्टर जग्गा चाहिँ हामीसँग थियो? आज कति हेक्टर जग्गा चाहिँ वन विनाश भएको छ। वनका चाहिँ ती वन

वनमा चाहिँ क्याप्चर गरेर बसेको छ। हामीले त्यतातिर रुलिङ गर्ने कि नगर्ने? वन मन्त्रालयसँग सोध्ने कि न सोध्ने ? वन विभागसँग सोध्ने कि नसोध्ने यो विषयमा पनि रुलिङ होस् भनेर म भन्न चाहन्छु।

अस्ति भर्खर हाम्रो माननीयजीहरू भूकम्पमा, भूकम्पको विषयमा चाहिँ जाजरकोट गएर आउनुभएको छ। राम्रो प्रतिवेदन आएको छ। मैले महाभूकम्प पनि यहाँ देखेको हो । हामीले महाभूकम्पबाट पनि सिकेनौं के। हामी पैसै त्यो घर लडेको छ, जनता मरेको छ, परिवारका मान्छे मरेको छ, हामी के भन्छौं १५ हजार २० हजार २५ हजार दिन्छु, टार्न खोज्छौं । के जनताले खानै नहुने हो जनताले? घरै बनाउन नपाउने हो जनताले? अनि नेता र कर्मचारीले मात्र काठमाडौंमा घर बनाउने हो? नेता र कर्मचारीले मात्रै मिठो लाउने हुने, यो जनतै भएन भने को हुन्छ यो राज्यमा? जनताले त्यो लडेको जनताले घर बनाउन नपाउने। हामी घरै बनाउन दिदैनौं। २० हजार, १५ हजारले के हुन्छ ? ए त्यसले त रक्सी खाएर सिध्याउँछ भन्छ । सिध्याए, सिध्याउँछन् त। खाएर सिध्याउँछन्, सिध्याउँछ के फरक पर्छ त। यो देश चाहिँ जनताको लागि हो नि त यो घर, यो राज्य त। देश र जनताको लागि दिनुपर्‍यो नि त। कि घर बनाइदिनुपर्‍यो। अब हाम्रो सोच के छ नेपाल जस्तो देशमा ठुलोको ठुलो घरको सोच होला। सानोको सानो घरको सोच छ। एउटा गरिबले के सोच्छ, एउटा सानो घर होस्, त्योसको दुईटा छोरा, छोरी स्कुल पढन जाउन्, पढुन् भन्ने सोच्छ। अब घर पनि लड्यो स्कूलको कुरा गर्नुहुन्छ भने शिक्षा र स्वास्थ्यको कुरा गर्नुहुन्छ भने संविधानमा सबै कुरो व्यवस्था छ। अब शिक्षा र स्वास्थ्य सब भन्दा महँगो छ। यो देशको विडम्बना हो। जनता बाच्नु पाउनु पर्‍यो।

अध्यक्ष महोदय, अब यो ट्राफिक प्रहरीको पनि कुरा गर्नु पर्‍यो अस्ति भर्खर भएको, यो ट्राफिक प्रहरीले के र यो कुनामा बसेर चेकिङ्ग चाहिँ चेकिङ्ग गर्ने होइन के। One way र Two way थाहाँ नै हुँदैन। ट्राफिक प्रहरीले त अगाडि बसेर तपाईं जाँदै छ भनेर भन्नु पर्‍यो नि। तपाईंले गल्ती गर्दै हुनुहुन्छ भने यो ठाउँबाट जानुस्, कुनामा बसेर ठ्याक्कै समात्नुस्। यो भत्ता मात्रै लिन कि गर्न चाहिँ के खोजेको हो? मैले बुझन नसकेको कुराके। यो भएको हुनाले यो समाज पनि भ्रष्टिकरणमा जाँदै छ। हामी समाजको मूल्य र मान्यता सिध्याउँदै छौं। एउटा गरिब जनताबाटोमा सक्ने भएको हो। हामी पनि कस्तो भयौं भने आफ्नो छोरा (अब अन्तिम समय छैन) हाम्रो छोराछोरी ल यो कुरालाई छोडेर धन्यवाद दिन चाहन्छु म झक्कु सुवेदीलाई उहाँले भन्नुभएको थियो बजेट आउँदैछ जितजंग जी हेर्नुस् है। त्यो अनुसार बजेट .... है । धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः-माननीय सदस्य भगवती न्यौपाने समय ८ मिनेट। यसपछि माननीय सदस्य जयन्ती देवी राई।

(१३:३७ बजे)**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः-सम्माननीय अध्यक्ष महोदय, सबैभन्दा पहिला संसद सचिवालयका कर्मचारीज्यूहरू जो आन्दोलनरत हुनुहुन्छ। उहाँहरूको उचित पारिश्रमिकको व्यवस्था गरियोस्। श्रमको शोषण गर्न हुँदैन, पाइँदैन, मिल्दैन त्यसैले उहाँहरूको मागलाई सम्बोधन गरियोस् भनेर म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। र अघि बोल्ने माननीयज्यूले महिलामाथि हुने गरेका हिंसाको विषयमा उहाँले बडो मार्मिक हिसाबले प्रस्तुत गर्नुभयो। हामीले धेरै खालका हिंसाहरू भोग्दै आयौं, देख्दै आयौं। छाउपडीमा महिलाहरू गोठमा राखिन्छ, महिनावारी हुँदाखेरि गोठमा राखिन्छ, हत्या गरिन्छ, बलात्कार गरिन्छ, यस्ता अत्याचारहरू त धेरै देखियो। महिलाहरूमाथि हुने गरेका हिंसाहरू बोक्सीको आरोपमा जिउँदै महिला जलाइन्छ, जिउँदै महिलाहरू, महिलाहरूलाई जलाइन्छ, अपमान गरिन्छ। असहाय महिलाहरू जो अशक्त महिलाहरू छन् ती महिलाहरूलाई जलाउने, पिट्ने, कुट्ने यातना दिने गरिन्छ। यस्ता अत्याचारहरू हामीले धेरै देख्यौं। मैले सानोमा गाउँका अग्रजहरूसँग सोध्ने गर्थे। गाउँका ठुला मान्छेहरूसँग सोध्ने गर्थे गाउँका ठुला मान्छेहरूसँग सोध्ने गर्थे। साँच्चै बोक्सी हुन्छ? कसैले मलाई भन्नुहुन्थ्यो बोक्सी हुन्छ। यदि बोक्सी हुन्छ भने मैले त्यो सानोमा पनि उहाँहरूसँग मैले छलफल गर्थे र भन्थे यदि बोक्सी हुन्थ्यो भने संसारमा ती ठुलाठुला रक्तपातपूर्ण आन्दोलन किन हुन्थे, युद्ध किन हुन्थ्यो। आफ्ना दुश्मनहरूलाई बोक्सीलाई लिएर गएर बोक्सी लिएर हिंडेर आफ्ना दुश्मनहरू मार्थे होलान् नि त। अनि एउटा मान्छेले मन्त्र लगाइदिएको भरमा कोही विरामी हुन सक्ने, कोही मर्ने त्यस्तो क्षमता कसैसँग हुन्छ भनेर मैले सानोमा पनि छलफल गर्थें। मलाई आज पनि त्यो जिज्ञासा छँदै छ। त्यसैले यो त महिलामाथि हुने गरेको अत्याचार हो, महिलामाथि हुने गरेको हिंसा हो। दाइजोको निहुँमा महिलाहरूको अस्तित्व दाइजोसँग साटिन्छ, दाइजो दिन नसक्नेलाई काटिन्छ। यस्ता खालका अत्याचारहरू त महिलाहरूले धेरै सहे। त्यसैले हिंसाका अनेक खालका प्रकृति हुँदा रहेछन्। अहिले पनि एउटा बदलिएको हिंसात्मक रूपको बारेमा मैले अलिकति कुरा राख्न लागिरहेको छु।

मैले हालै तथ्याङ्क विभागले एउटा तथ्याङ्क सार्वजनिक गर्यो। त्यो तथ्याङ्कले मलाई झस्कायो। एकातिर लैङ्गिक जन्मको अनुपात कस्तो छ भनेर त्यो तथ्याङ्क विभागले चाहिँ तथ्याङ्क सार्वजनिक गर्यो। एकातिर पढ्दै आइरहेका छौं, सुन्दै आइरहेका छौं महिलाहरू पुरुषभन्दा महिलाहरूको जनसङ्ख्या धेरै छ। ७ लाख महिलाहरू पुरुषभन्दा धेरै हुनुहुन्छ। तर लैङ्गिक अनुपात हेर्दाखेरि पुरुषहरू धेरै जन्मने गर्नुहुँदो रहेछ। जन्मदा रहेछन्। २०६८ सालको जनगणनामा हेरियो। जनगणनामा पनि लैङ्गिक अनुपात चाहिँ जन्मको लैङ्गिक अनुपात १०७ छ, यसको अर्थ १०० जना महिलाको जन्म हुँदा छोरीको जन्म हुँदा, १०७ जना छोराहरू जन्मदा रहेछन्। अहिले २०७८ सालको जनगणनाको आधारमा यो तथ्याङ्क सार्वजनिक भएको छ। अहिले जन्मको लैङ्गिक अनुपात ११२ छ, ११२ छ । त्यो भनेको १०० जना छोरीहरूको जन्म हुँदाखेरि ११२ जना छोराहरू जन्मदा रहेछन्। र जनसङ्ख्या किन पुरुषको बढी देखिएको छ भन्दाखेरि विदेशमा जाने वैदेशिक रोजगारमा जानेहरूको सङ्ख्या महिलाहरू भन्दा पुरुषहरू धेरै छन्। ८२.२ प्रतिशत पुरुषहरू वैदेशिक रोजगारमा रहेका छन् भने १७.८% महिलाहरू वैदेशिक रोजगारमा गएका छन्। त्यसकारणले गर्दाखेरि त वैदेशिक रोजगारमा जानेहरूको जनगणनामा चाहिँ उल्लेख हुने भनेको अनुपस्थित भनेर उल्लेख हुँदो रहेछ। त्यसले गर्दाखेरि महिलाहरूको सङ्ख्या बढी देखिन्छ, यसरी लैङ्गिक अनुपात जसरी यो असन्तुलित छ, वैज्ञानिकहरूले के भन्दा भन्ने गर्छन् भने वैज्ञानिकहरूको दाबी के छ भने १०५ सम्म लैङ्गिक अनुपात त्यो सन्तुलित नै हुन सक्छ। त्यो सामान्य नै हुन सक्छ। तर जब १०५ भन्दा बढी हुन्छ त्यो असन्तुलित हुन्छ। यसले भविष्यमा जटिलता सिर्जना गर्छ।

कतिपय विषयहरू यस्ता हुँदा रहेछन् जुन विषयहरू देख्दा सामान्य लाग्ने गर्छ। देख्दा सामान्य लाग्छ, सरकार पनि गम्भीर हुँदैन, राज्य गम्भीर हुँदैन। गम्भीर हुँदैन। हामी सबै गम्भीर हुँदैनौं। यो बहसको विषय नै बन्दैन, छलफलको विषय नै बन्दैन तर, तर यो साँच्चै यसले दीर्घकालीनरूपमा धेरै असर गर्ने यस्ता विषयहरू हुँदा रहेछन्। यो विषय पनि त्यस्तै हो। यो लैङ्गिक जुन जन्मको लैङ्गिक अनुपात आज जस्तो छ यो धेरै गम्भीर र जटिल विषय हो। मैले केही तथ्याङ्कहरू पनि छ। जिल्लाको आधारमा प्रदेशको आधारमा लैङ्गिक अनुपात सबैभन्दा बढी मधेसमा रहेछ। प्रदेशमा मधेस प्रदेशमा १०० जना छोरी जन्मदाखेरि ११८ जना छोराहरू जन्मदा रहेछन् मधेस प्रदेशमा र सबैभन्दा थोरै लैङ्गिक अनुपात भएको १०० जना छोरी जन्मदाखेरि १०६ जना छोरा जन्मने प्रदेश कोशी प्रदेश रहेछ। त्यस्तै जिल्लाको आधारमा पनि धनुषा जिल्ला जो १००

जना छोरीहरू जन्मँदै गर्दाखेरि १३३ जना छोराहरू जन्मदा रहेछन्। त्यस्तै गरेर सिराहा जिल्लामा १०० जना छोरीहरू जन्मदा १२८ जना छोराहरू जन्मदा रहेछन्। सप्तरी जिल्लामा १०० जना छोरीहरू जन्मँदा १२३ जना छोराहरू जन्मदा रहेछन्। अर्घाखाँचीमा १०० जना छोरीहरू जन्मँदा १२४ जना छोराहरू जन्मदा रहेछन्। जन्मको लैङ्गिक अनुपातमा १०० भन्दा धेरै र १०५ भन्दा थोरै हुने जिल्ला आठवटा रहेछ। लैङ्गिक अनुपात जन्मको लैङ्गिक अनुपात १०० भन्दा धेरै १०५ रहेछ त्यो जिल्ला चाहिँ ८ ओटा रहेछ। त्यस्तै गरेर २२ वटा पालिकामा ११२ भन्दा धेरै अनुपात रहेछ लैङ्गिक अनुपात बाँकी ४१ जिल्लामा १०५ भन्दा धेरै र ११२ भन्दा थोरै लैङ्गिक अनुपात रहेछ जन्मको आधारमा। यो यस्तो खालको असन्तुलित अथवा छोराहरू यति धेरै सङ्ख्यामा छोराहरू जन्मने ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्षः</u>-माननीय सदस्य जयन्ती देवी राई । समय ६ मिनेट। यसपछि माननीय सदस्य बामदेव गौतम।

(१३:४६ बजे)<u>माननीय श्री जयन्ती देवी राई(नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, अछाम जिल्लामा छाउगोठमा १६ वर्षकी किशोरी विद्यार्थी जहाँ बलात्कृत भएको छ। त्यो घटनाप्रति म आज यो सम्मानित राष्ट्रिय सभाको ध्यान आकर्षण गर्न चाहन्छु। र साथसाथै यो घृणित एकदमै यो घृणित र जघन्य र यो घटनाप्रति चाहिँ म चाहिँ एकदमै खेद प्रकट गर्दै म गृहमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु र यस्ता घटनाहरू घट्न नदिनको निम्ति म राज्यको र गृहमन्त्रीज्यूले तदारुकताका साथ यसका तत्काल स्थलगत जानको निम्ति र अपराधीहरूलाई कडा भन्दा कडा रिपोर्ट, कारबाही होस् भन्नको निम्ति पनि म यो सदनमा ध्यान केन्द्रित गर्न चाहन्छु।

र सम्माननीय अध्यक्ष महोदय, यस्ता घटनाहरू आज मात्रै होइन कि हरेक समय, हरेक दिनमा सात जनाको दरले आज महिलाहरू बलात्कृत भइरहेको अवस्था छ। र अब हामीलाई साँच्चै भन्यो भने लाज लाग्नुपर्ने हो यसलाई राज्यलाई पक्ष राष्ट्रको हिसाबले महिलाहरूलाई स्वतन्त्र सम्मान ढङ्गले चाहिँ बाँच्न सक्ने अवस्था सिर्जना गर्छु भनेर साइन गरेर आउने तर आज दिन प्रतिदिन महिलाहरूले चाहिँ, आज किशोरीहरूले आज बाल बच्चाहरूले चाहिँ अपमान र यो सधैं दमन अपमान र असह्य सहेर चाहिँ, हिंसा सहेर चाहिँ बाँच्नुपर्ने स्थिति यो एकदमै यो हाम्रो देशको निम्ति यो बहुत

दुःखद् हो। र मलाई के लाग्छ भने आज यो घटना जसरी घटेको छ। बाह्र बाह्र घन्टासम्म बेहोस पाइएको छ । आज धर्म, संस्कृति, संस्कारको नाममा, त्यो आडमा रहेर जे जसरी यस्ता किसिमका चाहिँ घटनाहरू घटिरहेको छ, आज यो एक्काइसौं शताब्दीको जहाँ विज्ञान र प्रविधिको प्रयोग भएको एकदमै चरम प्रयोग भएको जहाँ आज हामीले सुनिरहेका छौं कि मान्छेहरू चन्द्रमा पुगेको पुगिसक्यो, चन्द्रमा टेकिसक्यो भन्ने स्थितिमा आज हाम्रो नेपाली विद्यमान समाजमा चाहिँ आज हामीले जिउँदै मर्नुपर्ने हजारौं किशोरीहरूलाई चाहिँ जनावरहरूको टोकाइबाट आज चाहिँ मृत्यु हुनुपर्ने, उनीहरू चिसोबाट मृत्यु हुनुपर्ने, आज बलात्कृत भएर मृत्यु हुनुपर्ने यस्तो किसिमको अवस्था जुन कति दिन हामीले बढाइरहेका छौं भने आज हामीले जुन भनिरहेका यो सभ्य समाज, समृद्धि समाज कुन यो प्रश्न हो कि होइन। आज आधा भन्दा धेरै महिलाहरूको स्थिति जुन हिंसा पीडित भएर बसिरहेका छन्। अधिकारविहिन बसिरहेका छन्। हजारौ युवा किशोरी महिलाहरू, छोरीहरूको आज सपनाहरू चकनाचुर भएर आज गइरहेको स्थितिमा कसरी हामीहरूले एउटा सभ्य समाजको परिकल्पना गर्छौं। त्यसकारणले म एकदमै सरकारलाई भन्न चाहन्छु कि हामीले कहिलेसम्म यो आवाज उठाइरहने त्यसकारणले यो कुरामा गम्भीर बन्ने कि नबन्ने आज छोरीहरू भनेको ती को हो छोरीहरू भनेको? आज हाम्रो छोरीहरू होइन, आज हाम्रो बुहारीहरू होइन, आज हाम्रो श्रीमतीहरू होइनन्। आज उनीहरूमाथि जानाजान हामीले चाहिँ अपराध गरिरहेका छौं एउटा। आज साच्चै भने माननीयज्यूहरू भन्नु भएको जस्तै आज यो संविधानको उल्लङ्घन मात्रै होइन। के आज चाहिँ एकदमै हामीले चाहिँ महिलाहरूमा अपमान जानी जानी गरिरहेका छौं। त्यही ठाउँमा आज नेताहरूले ठूला ठूला भाषण गरेर छाउपडीको विरोध र कमिटमेन्ट र प्रतिबद्धता गरेर आउँछ फेरि बेलुका उनीहरूलाई छुन सक्दैन, छुनुहुँदैन भने मानसिकता पालेका छन् भने हामीले कसरी परिवर्तन गर्न सक्छौं कुराले मात्रै परिवर्तन त हुँदैन हेर्नुस्।

त्यसकारणले म के आग्रह गर्न चाहन्छु भने वर्षौंदेखि, वर्षौंदेखि हामीले पालेर राखेको यस्ता समाजमा रहेका कुसंस्कार, कुरीति जहाँ जुन हामीले पालेका छौं कि यो जुन छाउपडी, जसले महिनावारी हुँदा छुनुहुँदैन भने मानसिकता हटाउनै पर्छ। आज ती छाउगोठ आज हामीले हटाउनै पर्छ। आज राज्यैले मात्रै होइन त्यहाँका सज्जन नागरिकले, पढेलेखेका नागरिकहरूले, बुझेका मान्छेहरूले, आज राज नेताहरूले र आज चाहिँ सबैले महिला अधिकारकर्मीहरूले र आज परिवर्तनकारी शक्तिहरूले जसले आफूलाई परिवर्तनको पक्षमा उभ्याउँछन्। यी सबै त्यस कुरालाई हामीले ध्यान दिनु पर्छ कि पर्दैन। यदि होइन भने आज हामी सिधै मानव अधिकारको उल्लङ्घन

गरिरहेका छौं। त्यसमा आज संविधानको उल्लङ्घन गरिरहेका छौं। आज यस्ता किसिमका घटनाहरू दिनप्रतिदिन घट्न बाध्य भएका छन् कि विचारा ती किशोरी जहाँ चाहिँ उसले पढ्नको लागि मामाघरमा बसेर पहिलो चोटि उसलाई ती छाउँगोठमा जान बाध्य पारियो। उनीलाई चाहिँ त्यतिबेला एक दिन पछि चाहिँ उसलाई भेटियो। त्यस्तो अवस्थामा हुँदा पनि समाजले उसलाई छुनुहुँदैन भनेर रोग लागेर छारेरोग लागेको छ भनेर त्यहाँका समाजले छुनसम्म मानेन भने हाम्रो समाज कतातिर गइरहेको छ। त्यसो भएको कारणले पनि म एकदमै घोर निन्दा गर्छु यो घटनाप्रति, घोर आपत्ति गर्छु ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**-माननीय सदस्य बामदेव गौतम । समय ५ मिनेट। यसपछि माननीय सदस्य गोपीबहादुर सार्की अछामी।

(१३:५२ बजे)**माननीय श्री बामदेव गौतम(मनोनित)**:-यहाँ दबाएको रहेनछ। दबाइराख्छ, आफैं दबिन्छ भने सायद समय सकिँदा चाहिँ त्यहाँबाट सकिन्छ। त्यसो भएर म फेरि दोहोर्याएर भन्छु।

सम्माननीय अध्यक्ष महोदय, कम्युनिष्ट पार्टीको घोषणा पत्रको सम्बन्धमा थाहा नभएको कुनै राष्ट्र छैन संसारमा पढेलेखेका बिद्धानहरू मात्रै होइन, थोरै थोरै पढेलेखेका पनि जान्द छन्। कम्युनिष्ट पार्टीले १८४८ मा कम्युनिष्ट घोषणा पत्र जारी गरेको छ। त्यो कम्युनिष्ट घोषणा पत्रमा के लेख्या छ भने एक, दुई, तीन, चार, पाँच, छ, सात, आठ गर्दै नौ वटा विषय यो लेखु, यो गर्ने, यो गर्ने भनेको छ। सब भन्दा पहिले भएको छ। सम्पूर्ण जमिन राष्ट्रियकरण गरौं। मैले आज धेरै पहिलेदेखि व्यक्तिगतरूपमा कमरेडहरूसित नेताहरूसित भन्दै आएको छु। यो जबसम्म नेपालको कृषि भूमि मात्र होइन, सम्पूर्ण भूमि राष्ट्रियकरण गर्दैन, नेपालले विकास गर्दैन । अब कसरी चिन, अमेरिकाका शसकहरूले आफ्नो सम्पूर्ण जमिन, भूमि राष्ट्रियकरण गरेका छन्। आज व्यक्तिगत छैन त्यहाँ। आमेरिकामा मात्र हैन सिङ्गै युरोपभरि भूमि व्यक्तिगत छैन। राष्ट्रिय छ, त्यतिमात्रै होइन रुसमा पनि त्यो लागु भएको छ। चीनमा माओ त्से तुङ्गले १९५३ सम्म जमिन खोस्ने जमिनदारको जमिन खोस्ने किसानलाई बाँड्ने त्यो गर्नुभएको थियो। त्यहाँको पार्टीले त्यो गर्या थियो। तर त्यो त्यसले जे उपलब्धि प्राप्त गर्ने हो त्यो सक्दैन भने ठानेर १९५३ मा सम्पूर्ण जमिन राष्ट्रियकरण भो।

सबै ठाउँमा lease मा काम गर्नेहरू lease मा लिन पाउँछन्। दक्षिण कोरियामा पनि पहिले व्यक्तिगत थियो जमिन, त्यहाँ त कम्युनिष्ट पार्टीले शासन गरेको छैन तर त्यहाँ सम्पूर्ण भूमि राष्ट्रियकरण छ। किन कि भूमि नै मानिसलाई आवश्यकता पर्ने वस्तुहरू उत्पादन गर्ने सम्पूर्ण वस्तुहरूको आधार हो। मुख्य उत्पादनको साधन हो। त्यो उत्पादनको साधन हामीले काटेर टुक्रा-टुक्रा बनाएर जब बाँड्छौं। देश कसरी धनी हुन्छ, समृद्ध कसरी हुन्छ। तथ्यहरूले बताउँछ कि जबसम्म मुख्य मानिसलाई चाहिने बस्तु उत्पादन गर्ने, मुख्य उत्पादनको साधन भूमिमाथि राज्यको नेतृत्व कायम गरिँदैन। सिङ्गो समाजको नेतृत्व कायम गरिँदैन तबसम्म मानिस समृद्ध हुन सक्दैन। हामी नेपालीहरू त्यही अवस्थामा पुग्छौं। त्यसो भएर मैले बोल्न पाइन यसपटकको नीति तथा कार्यक्रम बजेटमा, त्यसो भएर मैले आज बोलेको हुँ। कि लेख्न त मैले धेरै लेखेर ल्याएको छु तर पाँच मिनेटले मेरो पुग्दैन। म भन्न चाहन्छु नेपालले राष्ट्रियकरण गरेको छैन, हामी गरिबको गरिब छौं। भारतले राष्ट्रियकरण गरेको छैन गरिबको गरिबै छ, हामी भन्दा धनी छ भनेर न भन्नुस्, एउटा दुईटा राज्यमा हो। अरु धेरै राज्यहरूमा नेपाल भन्दा धरै तल छन्। बङ्गलादेशले राष्ट्रियकरण गरेको छैन, गरिब छ। पाकिस्तानले राष्ट्रियकरण गरेको छैन, गरिब छ। आफगानिस्तानले राष्ट्रियकरण गरेको छैन, त्यहाँ गरिबी छ। तर जहाँ जहाँ राष्ट्रियकरण गरेको छ। मैले अघिनै बताएँ त्यो त्यो ठाउँमा सबै मानिसहरू धनी छन्। सबै ठाउँमा औद्योगिकीकरण भएको छ।.....( समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u>ः-माननीयज्यू माइक काटिइसक्यो। माननीय सदस्य गोपी बहादुर सार्की आछामी। यसपछि माननीय सदस्य किरण बहादुर श्रेष्ठ।

(१३:५८ बजे)<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः-सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम त पहिलो वक्ता माननीय रेनु चन्दले अछाम जिल्लामा भएको छाउपडी गोठमा बलात्कृत भएको चाहिँ बहिनीको बारेमा उहाँले विषय उठाउनु भएको छ। दोषीमाथि कारबाही हुनुपर्दछ र पीडित बहिनीले न्याय पाउनु पर्छ र यो परम्परागतरूपमा एउटा चल्दै आएको कुसंस्कृति छाउपडी प्रथा छुवाछुत लगायतका महिला उत्पीडितमाथिको जुन विभेद culture रहिराखेको छ। यो विभद culture लाई हामीले बदल्नु आवश्यक छ। र हामीले म नेपाल सरकारको पनि ध्यानाकर्षण गराउन चाहन्छु। विशेषगरी गृह मन्त्रीज्यूको र गृह मन्त्रालयको

ध्यानाकर्षण गराउन चाहन्छु। दोषीमाथि यथाशीघ्र कारवाही गरियोस् र पिडित महिलाले न्याय पाउनुपर्छ भन्ने विषय म राख्न चाहन्छु।

दोस्रो कुरा संसद सचिवालयमा कार्यरत रहनुभएको कर्मचारी साथीहरूले चरणबद्ध जेठ २१ गतेबाट चाहिँ सुरु गरेको आन्दोलन आज पनि जारी छ। र आज सम्म पनि उहाँहरूको आन्दोलनको दोस्रो चरण थियो। आजबाट उहाँहरूले चाहिँ तेस्रो चरणको आन्दोलनहरूको सुरुवात गर्नुभएको छ। उहाँहरूले उठाएको कतिपय कुरा genuine छन्। विशेषगरी बुदाँ नम्बर एक, दुई र चारसँग सम्बन्धित विषय चाहिँ अर्थमन्त्रालयसँग सम्बन्धित विषय भएको कारणले गर्दाखेरि सम्माननीय दुवै अध्यक्ष र आदरणीय सम्माननीय सभामुखज्यूले पटक पटक नेपाल सरकारका अर्थमन्त्रीज्यू अहिले भर्खरै आज सम्माननीय प्रधानमन्त्रीज्यूसहितको चाहिँ छलफलले कानून तथा न्याय मन्त्रीज्यूको संयोजकत्वमा चाहिँ ३ सदस्यीय सहजीकरण तथा समन्वय गर्ने कमिटी भनेर बनेको छ। त्यो कमिटिले यी जायज मागहरूलाई सम्बोधन गर्ने गरीकन अगाडि बढोस् र छिटो भन्दा छिटो त्यो मागको चाहिँ सम्बोधन होस् भन्ने विषय पनि म यहाँ राख्न चाहन्छु। त्यसैगरेर देशैभरी चाहिँ मनसुनी वर्षाको सुरुवात भइराखेको छ। र विशेष गरेर पूर्वी नेपालका पहाडी जिल्लाहरू ताप्लेजुङ्ग, तेह्रथुम, पाँचथर र संखुवासभालगायतका जिल्लाहरूमा पहिरो जाने क्रम र बस्ती विनाश हुने, मानवीय क्षति हुने, घरवासको चाहिँ क्षति हुने काम भइराखेको छ। म नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। सरकारले क्षतिपूर्तिको व्यवस्था गरोस् र बाढीपहिरोबाट चाहिँ पीडितहरूले न्याय पाउने एउटा स्थितिको पनि एउटा सिर्जना गरोस् र पूर्वतयारीकोरूपमा चाहिँ अब क्रमशः पहाडमा पहिरो र मधेस चुरे, भित्री मधेशमा चाहिँ नदी कटान र मधेसमा जाँदाखेरि डुवानको समस्या हुन्छ। यो समस्या समाधान गर्नको लागि पूर्व तयारीतिर नेपाल सरकारले चाहिँ ध्यान दिओस् भन्ने पनि म विशेष आग्रह गर्न चाहन्छु। अर्को एउटा पुरानो पनि उद्योग उदयपुर सिमेन्ट यो २०४४ सालमा जापान सरकार र नेपाल सरकारको चाहिँ संयुक्त लगानीमा जापान सरकारले १८ अरब ७७ करोड र नेपाल सरकारको तर्फबाट चाहिँ ४४ करोडको चाहिँ लगानीमा बनेको चाहिँ सिमेन्ट उद्योग जो २०४४ मा सुरु भयो। २०४९ मा निर्माण कार्य सम्पन्न गरीकन चाहिँ त्यो परीक्षणमा आयो र अहिले गैंडा सिमेन्टको नाममा चाहिँ त्यो असाध्यै राम्रो गुणस्तरीय चाहिँ सिमेन्ट उत्पादन गर्ने कारखाना अहिले चाहिँ जीर्ण जस्तो भएर बसिराखेको छ। र चाहिँ ३५० नियमित काम गर्ने कर्मचारीहरू छन् र १०० जति कर्मचारी चाहिँ ज्याला हाजिरीमा काम गर्ने कर्मचारी साथीहरू हुनुहुन्छ। तर अहिले त्यो जसरी चल्नु पर्ने हो, एउटा पूर्ण क्षमतामा चाल्नुपर्ने त्यसको व्यवस्थापकीय

कमजोरीको कारणले गर्दाखेरि, त्यहाँ कुशल व्यवस्थापन नहुनुको कारणले गर्दाखेरि र बजारको एउटा प्रतिस्पर्धाको कारणले गर्दाखेरि पनि त्यो उद्योग चाहिँ चल्न सकिरहेको छैन। त्यहाँको व्यवस्थापक नियुक्ति हुन सकिराखेको छैन। GM नियुक्तिको प्रवन्ध चाँडै गरिनुपर्दछ। त्यो एउटा उदयपुर जिल्लाको मात्रै होइन, देशको पनि एउटा आय स्रोतको वृद्धि गर्ने हिसावले, पुँजी निर्माण गर्ने हिसावले, रोजगारी सृष्टि गर्ने हिसावले र देशको अर्थतन्त्रलाई विशेष गरेर चाहिँ कर स्रोतको रूपमा चाहिँ त्यो असाध्यै एउटा चाहिँ राम्रो र चाहिँ फेरि त्यहाँ त्यसको चाहिँ खानी उदयपुर जिल्लाको यो जाल्पा चिलाउने भन्ने चाहिँ ठाउँको सिन्धाली डाँडो छ। त्यो सिन्धाली डाँडोमा भएको चाहिँ खानीमा करिव, करिव ७ करोड ३० लाख मेट्रिक टन चाहिँ चुन ढुङ्गा, असाध्यै गुणस्तरीय चुनढुङ्गा त्यहाँ छ। त्यसको हामीले सदुपयोग चाहिँ पर्याप्त मात्रमा गर्न सकिराखेका छैनौं। पुराना रुग्ण उद्योगहरू हेटौंडा सिमेन्ट कारखाना, उदयपुर सिमेन्ट कारखाना, विराटनगर जुटमिल लगायतका जे उद्योगहरू छन्। त्यो उद्योगहरूलाई सञ्चालन गर्नुपर्छ भनेर बजेट तथा नीतिकार्यक्रममा केही प्रवन्ध गरेको चाहिँ देखिएको छ। तर त्यहाँ व्यवस्थापकको व्यवस्था गर्न नसक्दाखेरि GM को व्यवस्था गर्न नसक्दाखेरि र अरु तयारी पूरा गर्न नसक्दाखेरि र चाहिँ आवश्यक पर्ने पर्याप्त बजेटको चाहिँ अभावको कारणले गर्दाखेरि हामीले त्यसलाई आगाडि बढाउन सकिरहेका छैनौं। र त्यसतिर चाहिँ सरकारको ध्यान जानुपर्दछ। विशेष गरेर हामी उत्पादन वृद्धि गर्ने, रोजगारी सृष्टि गर्ने भनेर भनी राखेका छौं। नेपाल सरकारको मातहतमा रहेका उद्योगहरूलाई हामीले व्यवस्थित ढङ्गले चाहिँ सञ्चालन गर्न सक्दाखेरि चाहिँ प्राविधिक जनशक्ति, प्रशासनिक जनशक्ति र सबै जनशक्तिलाई चाहिँ हामी रोजगारी दिन सक्छौं। स्थानीय जनताको हिसावले पनि त्यहाँका वरपरका बासिन्दा सबैको आय वृद्धि गर्ने एउटा राम्रो वातावरण बन्न सक्ने भएको कारणले गर्दाखेरि सरकारले चाहिँ अहिले विशेष गरेर त्यतातिर विशेष गरेर ध्यान दिनुपर्दछ भने विषय राख्दै मेरो आफ्नो भनाइ यहीं अन्त्य गर्न चाहन्छु।हवस् त ।अभिवादन। नमस्ते।

<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्य किरण बाबु श्रेष्ठ समय ९ मिनेट।यसपछि माननीय सदस्य तुलसा कमारी दहाल।

(१४:०६ बजे)<u>माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काँग्रेस)</u>:-अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरू, पूर्ववक्ता माननीयज्यूहरूले व्यक्त गर्नुभएको भावनाहरू जस्तै यो मुलुकको पश्चिमी

क्षेत्रमा हुने जुन कुप्रथा, कुसंस्कार छाउपडी प्रथा छ। त्यसमा केही दिन अगाडि एउटा महिला बलात्कृत हुनु भयो। त्यस बलात्कृत घटनाको यथार्थ छानबिन होस्। बलात्कारीलाई कडा भन्दा कडा कारवाही होस्। र यस्ता कुप्रथा र कुसंस्कारहरूलाई अन्त्य गर्नको लागि हामी सबै एक हौं भने पनि म ऐक्यबद्धता व्यक्त गर्न चाहन्छु।

अध्यक्ष महोदय, आज हामी राष्ट्रिय सभामा आएको झण्डै ४ महिना भएको छ।त्यो ४ महिनाको अवधिमा धेरै उतार चढावहरू देख्यौं। आउँदा आउँदै सपथ ग्रहन जाँदा जाँदै एउटा बाटोमै एउटा गठबन्धन टुटेर अर्को गठबन्धनको सरकार बनेको समाचार सुनियो। अनि केही दिन पछि फेरि सदनमा अवरुद्ध, सदनमा नाराबाजी अनि सदन नचलेको घटना पनि देख्यौं। यसै सिलसिलामा नीति तथा कार्यक्रम पास भयो, बजेट आयो। हामीले कति राम्रा कुरा सिक्यौं, कति नराम्रा कुरा पनि सिक्यौं। अब हामी सोच्दै छौं। अब अभ्यास गर्दै छौं। हामी जनताका माझमा केही प्रतिबद्धताहरू व्यक्त गरेर आएका थियौं। हामीबाट जनताले केही आशा पनि गरेका छन्। हाम्रा जनताका आवाजहरू सरकारसम्म पुऱ्याउने दबावहरू दिने र जनताको समस्याहरू समाधान गर्नेतिर हाम्रो प्रयत्न हुनेछ भन्ने हामीले प्रतिबद्धता व्यक्त गरौं। यहाँ आइसकेपछि ती हाम्रा आवाजहरूलाई कति मुखरित गर्न सक्यौं, सकेनौं, त्यसको पनि समीक्षा बिस्तारै हुँदै जाने छ। आज विभिन्न दलबाट विभिन्न आस्था र सिद्धान्त बोकेर हामी यहाँ निर्वाचित भएर आएको छौं। तर हामी सबैको साझा गन्तव्य भनेको देश विकास हो, सुशासन हो। यी विषयमा हामी एउटै धारणा र एउटै सोच बनाएर पनि अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता छ। तर वर्तमान प्रमुख राजनीतिक दलका नेताहरू जो धेरै वर्ष सङ्घर्ष गर्नुभयो, धेरै जेलनेल यातना पनि खानु भयो। यो मुलुक बनाउँछु भनेर प्राणको बाजी लगाएर पनि आउनु भयो।राजनीतिक परिवर्तन गर्न त सफल भयौं। तर देश विकास गर्न, आर्थिक उन्नति गर्न आज त्यो सफल हुन सकेको छैन, त्यो आर्थिक परिवर्तन, सामाजिक परिवर्तन गर्ने कुरा केवल जेलनेलले मात्र हुने रहेनछ।अब यस पक्षतर्फ पनि सोच्न पर्ने आवश्यकता देखिएको छ। देशको मूल नीति भनेको राजनीति हो। बिहान उठेदेखि बेलुका नसुतेसम्म राजनीतिले हामी सबैलाई प्रभाव पार्छ। त्यति मात्रै होइन, राती सुतेको बेलामा पनि देश अशान्त छ भने त्यो अशान्तिले पनि हामीलाई राम्रोसँग निद्रा लाग्दैन। त्यसैले देशमा शान्ति, शुरक्षा कायम नभएसम्म मुलुक चैनसँग नेपाली जनताले सुत्न पाउँदैन, नेपाली जनताले अगाडि बढ्ने आफ्नो किसिमको पेसा व्यवसाय गर्न पाउँदैन।अब आज मुलुक जुन ढङ्गबाट सरकार बनेको छ। कहिले स्थायीरूपमा सरकार नबन्ने अवस्था छ। आज एउटा सरकार, केही दिन पछि अर्को सरकार, त्यति मात्रै होइन बिहान

उठ्नासाथ को मन्त्री बन्यो, को मन्त्री बनेन, कसलाई चाहिँ आज मन्त्रीबाट हटाइयो भन्ने समाचार सुन्दासुन्दै जनताहरू वाक्क दिक्क भइसके। अब यस्तो अवस्थाबाट मात्रै नभएर अब धेरै राजनीति अदालतमा थुप्रिइसक्यो । सबै अदालतमा जाने मुद्दा हाल्ने, मुद्दा के हुन्छ त्यसतर्फ हाम्रो ध्यान केन्द्रित भइसक्यो। अब यसलाई हामीले कसरी समाधान गर्ने हो? अनि हामी एक आपसमा एकले अर्कोलाई लाञ्छना, एक अर्काको अस्तित्व नस्वीकार्ने, जति सक्यो अर्को पार्टीलाई गाली गर्नसक्यौं त्यति बढी पुरस्कृत हुन सक्ने। यस्तो किसिमको व्यवस्था, यस्तो किसिमको हाम्रो व्यवहार, आचरण बढ्दैछ। अनि भोलि देश कता जाला।

यता हेर्‍यो विकृति, उता हेर्‍यो विसङ्गति, देशलाई हामीले एउटा ढङ्गले अगाडि बढाउनको लागि कसम खायौं। एउटा ढङ्गले राजनीतिलाई अगाडि लिएर जानको लागि देशलाई विकास गर्न जनताको जीवनस्तर उकास्नको लागि हामीले सपथ खाएका छौं। लोकतन्त्र भनेको विधिको शासन हो।लामो प्रतिक्षा पछि यो मुलुकमा नेपाली जनताले आफ्नो संविधान आफैंले बनाए। तर आज संविधान बनिसकेपछि, त्यो संविधानका कमी कमजोरीहरू, के के अभावहरू केलाउनु पर्ने अहिले अवस्था देखिएको छ। हामी सबैले देखेको, भोगेको र बाहिर चर्चामा आएको कुरा यो मुलुकमा स्थिर सरकार बन्ने हो भने हाम्रो निर्वाचन प्रणालीलाई परिवर्तन गर्नै पर्छ, संशोधन गर्नै पर्छ। यो किसिमको निर्वाचन प्रणाली, यो समावेशी, समानुपातिकको नाउँमा, जुन किसिमको निर्वाचन प्रणाली संविधानमा व्यवस्था गरिएको छ । त्यो निर्वाचन प्रणालीले कहिल्यै पनि, कसैको पनि बहुमत आउन नसक्ने, कुनै पनि दलको बहुमत आउन नसक्ने, स्थिर सरकार हुन नसक्ने परिस्थितिमा त्यो सरकारले कसरी काम गर्न सक्ला। आज प्रधानमन्त्री आफैं सधैं त्रसित देखिनु हुन्छ। बोल्दै हुनुहुन्छ कि मेरो सरकार कहिले जाला, कहिले जाला। त्यो तपाईंहरू चिन्ता नगर्नुस्। म जतिन्जेल बस्छु, राम्रोसँग काम गर्छु। आज जाने हो कि भोली जाने हो आफैं त्रसित हुनुहुन्छ। त्यति मात्र नभईकन अब हाम्रो बेथिति कतिसम्म भर्खर केही दिन अगाडि हामीले देख्यौं प्रतिनिधि सभामा कि प्रधानमन्त्री बोल्दै हुनुहुन्छ, उहाँकै सरकारको उपप्रधानमन्त्री, मन्त्रीहरू र हाम्रा माननीय सदस्यहरूको अत्यन्त न्यून उपस्थिति, त्यसको असन्तुष्टि पनि उहाँले व्यक्त गर्नुभयो।

एउटा देशलाई सही ढङ्गले सही प्रणालीमा लैजानको लागि पनि यी संविधानमा भएका कमी कमजोरीहरूलाई हामीले सुधार गरेर लानुपर्छ भन्ने मलाई लाग्छ। यो हाम्रो देशमा मात्रै होइन। संविधान संशोधन एकपटक, संविधान एकपटक बन्दैमा सधैंको लागि चिरस्थायी हुने पनि होइन। भारतको संविधान यो प्रजातान्त्रिक देश सबैभन्दा ठुलो प्रजातान्त्रिक देश, त्यहाँको सबैभन्दा लामो

संविधान सबैभन्दा धेरै धारा र धेरै शब्दहरू भएको संविधान सकेसम्म कमी कमजोरी नहोस् भनेर बनाएको संविधान समेत ११५ पटक संशोधन भइसक्यो । समय अनुसार अभ्यास गर्दै जाँदा कमीकमजोरी देखेपछि हामीले त्यसलाई संशोधन गर्नुपर्छ। त्यस्तै अमेरिकाको संविधान छोटो संविधान हो। त्यहाँ पनि २७ पटक संविधान संशोधन भइसक्यो। त्यस्तै अरु विकसित मुलुकहरू, बेलायतमा त संविधान आज नभए पनि, लिखित संविधान नभएपनि जुन ढङ्गबाट व्यवस्थित रूपबाट, विकसित रूपबाट बेलायत अगाडि बढ्दैछ। अब हामीले हाम्रो लिखित संविधान भएतापनि यसलाई कमी कमजोरी अभ्यास क्रममा देखिएका कमी कमजोरीहरूलाई अगाडि लैजानको लागि, संशोधन गर्नको लागि एउटा राम्रो प्रणाली विकसित गर्नको लागि अब सोच्ने बेला आएको छ भन्ने मलाई लाग्छ। समय घर्किसकेपछि अति भएपछि खति हुन्छ। त्यसैले अब समयमा हामी सोचौं यसपटक, यसको लागि सबै राजनीतिक दलहरू, सबै राजनीतिक पार्टीहरू एक ठाउँमा उभिऔं। हिजो हामी एक ठाउँमा उभिंदा धेरै कुराहरू गयौं, निकास निकाल्यौं। मुलुकको अप्ठ्यारो बेलामा पनि अब पनि मुलुक अप्ठ्यारो बेलामा छ भन्ने महसुस गरौं एक ठाउँमा उभिएर एकताका साथ अगाडि बढ्ने प्रयत्न गरौं भन्ने पनि म यस संसदमार्फत, यस सदनमार्फत, अध्यक्षज्यूमार्फत सबैको ध्यानाकर्षण नि म गर्न चाहन्छु। त्यसैले हामी एउटा अंग्रेजीमा भनाइ छ Coming together is beginning, keeping together is progress, working together is success. त्यसकारण हामी सँगसँगै आज जसरी बसेका छौं, जसरी सँगै प्रगति गर्ने कुरामा छौं। त्यसलाई काम गर्दै जाँदा हामी सफल पनि हुने कुरामा कुनै द्विविधा छैन भन्ने मलाई लाग्छ। अब हामी आज आफ्नो कर्तव्य पथमा सबै लागौं, एउटा इमान्दार डाक्टरले सहीरूपमा काम गर्दा मानिसको ज्यान बच्न सक्छ। एउटा इमान्दार शिक्षकले राम्रोसँग पढाइदिंदा एउटा विद्यार्थीको भविष्य बन्न सक्छ। एउटा नेताले इमान्दारी पूर्वक काम ..... (समय सकिएको)।

**<u>सम्माननीय अध्यक्षः</u>**-माननीय सदस्य तुलसा कुमारी दाहाल । समय ७ मिनेट। यसपछि माननीय सदस्य मदन कुमारी शाह (गरिमा)।

(१४:१६ बजे)**<u>माननीय श्री तुलसाकुमारी दाहाल(नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:-सम्माननीय अध्यक्ष महोदय, आज फेरि एकपटक अछाम जिल्लामा घटेको हाम्रो छोरी चेली १६ वर्षीय बालिका, जसलाई उसको चेतनाको मलाई के भइरहेको छ भन्ने कुरो चेतनाको विकास पनि भएको थिएन होला। त्यहाँको परम्परा भनौं, संस्कार भनौं, प्रचलन भनौं, जेसुकैको नाममा होस् छाउगोठमा

राख्दाखेरि उनी यौन हिंसामा परिन्, हामी छानबिनका कुरा उठाउँला, कारबाहीका कुरा उठाउँला, कारबाही पनि होला तर के हाम्रोमा रहेको यो मानसिकता परिवर्तन हुन्छ? फेरि अर्को छोरी, अर्को चेली फेरि यस्ता घटनामा नपर्लान् भन्न सकिन्छ? त्यसैले म आज नेपाल सरकारसम्बद्ध निकायलाई के आग्रह गर्न चाहन्छु भने महिलाहरूले हिंसाको नाममा विभिन्न खालका हिंसाहरू बेहोरिरहेका छन्। शारीरिक, मानसिक र यौनजन्य हिंसा हरेक घटना हामी विरोध गर्छौं, अपराधीलाई कारबाही होस् भन्छौं तर हाम्रो समाजमा कलङ्कको रूपमा रहेको यो छाउगोठ प्रथाले नराम्ररी जरा गाडेको छ, यसलाई कसरी फाल्ने? यो विषय चिन्तन र मननको विषय हुनुपर्छ भन्ने मलाई लाग्छ। जुन पश्चिम नेपाललाई न भनौं, यो काठमाडौंमा पनि छ। र यो चाहिँ अझ प्रसार हुँदैछ। घर-घरमा छ, छाउको नाममा महिलाहरूलाई छुन नहुने र महिलाहरूलाई चाहिँ अछुतको रूपमा व्यवहार गर्नुपर्ने कुरा मानसिकतामा रहेको कुरालाई फाल्नको निम्ति उदाहरण पश्चिम नेपाल हुन सक्ला, सुदूरपश्चिममा हुन सक्ला तर हाम्रो मानसिकतामा रहेको छाउ प्रथा हटाउनको निम्ति हामीले केही प्रयत्न गर्नुपर्छ होला। गोठहरू भत्के, प्रयत्न पनि भए तर फेरि गोठहरू निर्माण भए, मन मनमा छाउ रहेको छ, गोठ रहेको छ। यसलाई हटाउनको निम्ति केही कार्यक्रमहरू हामीले गर्नुपर्छ होला। स्वास्थ्य सचेतनाका कुरा हुन सक्ला, परम्परागत, प्रचलनको आधारमा भएका कुरीतिहरू हटाउने कुरा हुन सक्ला। अन्तरक्रिया, छलफल र हाम्रो तीन तहको सरकारको दायित्व हुन सक्छ। वैज्ञानिक र सामाजिक रूपान्तरणका अभ्यासहरू हुन सक्छ यसलाई अन्त गर्नको निम्ति हामीले छुट्टै पहल गर्नुपर्छ भन्ने मलाई लाग्छ।

सम्माननीय अध्यक्ष महोदय, संघीय संसदका कर्मचारीहरूले आफ्नो अतिरिक्त समय खटेबापतको सेवा सुविधाको यथोचित माग गर्नुभएको छ। यसलाई अब छानबिन समिति पनि बनिसकेको भन्ने सुनियो। र यथोचित त्यो मागको सम्बोधन गर्नको निम्ति म अनुरोध गर्न चाहन्छु। नेपाल सरकारले राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गराउने भनेको छ। यो राष्ट्रिय परिचयपत्रलाई एकीकृत गर्ने, सबैलाई एकैठाउँमा एकीकृत गरेर ल्याउने दूरगामी उद्देश्यका हिसाबले यो ठिक होला। तर सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरूलाई अनिवार्य भनिदिँदा सोही अनुसारको सूचना सम्प्रेषण हुँदा जनमानसमा चाहिँ कठिन भएको छ। खासगरी ज्येष्ठ नागरिक र अपाङ्गहरूलाई अनावश्यकरूपमा अनिवार्य भन्दा उहाँहरूले दुःख पाइरहेको छ। यो राष्ट्रिय परिचयपत्रलाई स्थानीय तहबाटै अभिलेखन, अभिलेख गर्ने गरी सहजरूपमा वडा तहमै वितरण गर्ने गरी व्यवस्था गर्न आवश्यक छ। यसतर्फ सरकारको ध्यान जाओस् भन्न चाहन्छु।

माननीयज्यूले मभन्दा अगाडि बोल्ने क्रममा यो जनसङ्ख्याले देखाएको तथ्याङ्कको बारेमा कुरा गर्नुभयो। छोराहरू किन बढी जन्मिँदैछन्, छोरीहरू किन कम जन्मिँदैछन् भन्ने कुराको जरा पहिल्याउन हामीलाई आवश्यक छ। छोराको कुरा पितृसत्तात्मक समाजमा अंश र वंश जलाउने कुरा जुन कुरो संविधानले समान अधिकार प्रदान गरिसकेको छ, फेरि पनि हाम्रो मानसिकतामा के छ भने त्यो वंश परम्परालाई कायम गर्नको निम्ति आज भ्रूण हत्या गरिएको छ। यद्यपि कानुनले निषेध गरेको छ। केही हप्ताहरू तोकेको छ, कुन कुन अवस्थामा गर्भपतन गराउन सक्ने भनिएको छ तर पनि त्यो गर्भपतन गराएर छोरीहरूलाई गर्भबाट जन्मनै नदिने स्थितिको सिर्जना भएको छ। यो मानसिकतालाई परिवर्तन गर्न कानुनी कारबाही गर्न आवश्यक छ भन्न चाहन्छु म।

सम्माननीय अध्यक्ष महोदय, यस वर्ष पनि प्रकृतिले जुन मौसमको एउटा सूचना सङ्केत गरिसकेको छ। माननीयले उठाई पनि सक्नुभयो। मौसम विज्ञले जुन अनुमान गरेका छन् । त्यो अनुमानले डरलाग्दो स्थिति सिर्जना भएको छ, पूर्वी नेपालमा सुरुवात भइसकेको छ। ताप्लेजुङ र संखुवासभामा चार जनाको निधन भएको, २५ घर परिवार विस्थापित भइसकेको छ। हरेक वर्ष नेपाली जनताले प्राकृतिक विपत्तिलाई बेहोर्दै गरेका छन्। दुःखद् घटनाहरू हाम्रा सामु छन्। सम्भावित जोखिमको आँकलन पहिचान गरी सुरक्षित हुनको लागि पूर्वतयारी गर्न आवश्यक छ। सरकारले भर्खरै सामाजिक सञ्जालमार्फत एउटा एप खोलेर कहाँ कहाँ घटना घटेको छ भन्ने कुरा जानकारी गराएको छ। यतिले मात्रै पुग्दैन भन्ने कुरो म आग्रह गर्न चाहन्छु। वर्षाको मौसममा अत्यधिक तराई मधेस प्रदेशमा नदीहरूमा बाढी आउने र बस्तीहरू डुबान पर्ने गर्दछन्। यसैबाट पनि जनताहरू त्रसित छन्। चुरेको संरक्षण हुन नसक्दा, नदीको दोहनलाई रोक्न नसक्दा, आम्दानीका स्रोत, आम्दानीको स्रोतको रूपमा चाहिँ नदीहरूलाई लिएर ठेक्का लगाउँदाखेरि यो समस्या उब्जिएको छ। नदीले, नदीले चाहिँ बाटो पनि बगाएको छ, वर्षाको मौसममा मानवबस्तीलाई क्षति पुग्ने गरेको छ। खेतबारीमा फलेका अन्नपातहरू बगाउने र पुर्ने पनि गरिरहेको छ। चुरे आसपास र दक्षिण भेगमा खानेपानीको समस्या दिनप्रतिदिन बढिरहेको छ। जमिन तहको पानी घटिरहेको छ। हाते पाइप, डिप बोरिङहरू अधिकाङ्श सुकेका छन्। सप्तरी जिल्लाबाट जनताको एक समूह पैदल हिँडेर संघीय राजधानीमा आएर खानेपानीको समस्याको बारेमा जानकारी गराएका छन्। हामीलाई खानेपानीको आवश्यकता छ संघीय सरकार, तिमीले सोच र हामीलाई खानेपानीको व्यवस्था गर भनिरहेका छन्। जनसम्पदाको धनी देश भन्छौं हामी ठुलाठुला नदीहरू बाँध बाँधेर छिमेकीलाई समेत खाद्य र अन्न उत्पादनको लागि हामीले दिइरहेका छौं। तर हाम्रै

देशका नागरिकहरू विभिन्न ठाउँमा खानेपानीको अभावमा जीवन बिताइरहेका छन्। ट्याङ्कीहरू केही बनेको त देखिन्छ तर त्यो ट्याङ्की मात्रै छ। त्यो ट्याङ्कीमा पानी छैन। त्यसैले प्रधानमन्त्रीज्यूले बोलेको सुनियो अब आधा अधुरा योजनाहरूलाई पूरा गर्ने र म आग्रह के गर्छु भने पहिला यो तराईका जनतालाई खानेपानीको व्यवस्था जुन ट्याङ्की मात्र देखाउने काम भएको छ त्यसलाई पाइप र धारासम्म पानी आउने व्यवस्था गरियोस् भन्न चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्य मदनकुमारी शाह (गरिमा) समय ६ मिनेट। यसपछि माननीय सदस्य विष्णुकुमारी सापकोटा।

(१४:२३ बजे)<u>माननीय श्री मदन कुमारी साह(गरिमा)(नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-सम्माननीय अध्यक्षज्यू, असार ७ गतेको कान्तिपुरमा मेनुका ढुङ्गानाले एउटा समाचार लेख्नुभएको थियो। त्यो समाचार पढ्दा र म आज यहाँ उभिएर त्यो कुरा भनिरहँदा मेरो मुटु दुखिरहेको छ, मस्तिष्क हल्लिरहेको छ। आज म अछामको पञ्चदेवल विनायक नगरपालिकामा बस्ने एक गरिब, सहाराविहीन एउटा दलित किशोरीको पीडा पोख्न यहाँ उभिएको छु। उनीमाथि भएको हिंसा बयान गर्न उभिएको छु र उनको न्यायको लागि बोल्न म यहाँ उभिएको छु।

सम्माननीय अध्यक्षज्यू, असार ३ गते १६ वर्षीय किशोरी छाउ हुन्छिन् । छाउगोठमा राती सुत्न जान्छिन् र दुई बजे उनी लघुशङ्काका लागि बाहिर निस्किन्छन् । त्यतिबेला उनको मामा नाता पर्नेले उनीमाथि बलात्कार गर्छन् र बिहान करिब ८ बजे मकैबारीमा उनी बेहोस भेटिन्छिन्। छिमेकीहरूले उनलाई छारे रोग छ भनेर छुँदैनन्, वास्ता गर्दैनन् तर केटाकेटीहरूले उनलाई समातेर फेरि त्यही छाउगोठमा सुताइदिन्छन्। तर धेरै बेरपछि पनि उनी नब्युँझिएपछि करिब साढे १२ बजे उनलाई अस्पताल पुर्याइन्छ, अस्पताल पुऱ्याएको तीन घण्टापछि उनलाई होस आउँछ। र होस आएपछि मात्र थाहा हुन्छ कि बलात्कारको सिकार भएकी थिइन्। उनको कहालीलाग्दो स्थिति सुन्दा कसको मन नरोला? उनी ६ वर्षको हुँदा उनकी आमाको मृत्यु भएको, उनकी आमाको मृत्यु पनि कसरी भएको भन्दा वर्षेनी सुत्केरी हुँदा अत्यधिक रक्तश्रावले उनको मृत्यु भएको, कुपोषणको सिकार हुँदा उनका दुई दाजु र एक दिदी सानैमा बितेका उनकी आमा बित्दा उनी ६ वर्षकी र उनीसँग एक वर्षको भाइ थियो। आफ्ना घरका चार-चार जना सदस्यहरू गुमाउँदा उनको बुवाले आफूलाई थेग्न सकेनन् । अत्यधिक रक्सी खाने, रुने, कराउने गरिसकेपछि, उनको मावलको बज्यै

आएर यी नाती र नातिनीको पालनपोषण म गर्छु भनेर उनले आफ्नो घर लिएर जान्छिन्। दुःख जहाँ गए पनि छुट्दैन । दुई वर्षअघि उनको तिनै अभिभावक बज्यैको मृत्यु भइसकेको छ। उनी त्यसपछि मामा माइजुसँग उनको सहारामा थिए। यहाँहरू सबैलाई थाहा छ गरिबीको कारण सुदूरपश्चिमका धेरै गाउँहरू बम्बईमा छन्, दिल्लीमा छन्, बेङ्गलोरमा छन्। उनको मामा पनि बम्बईमा छन्। बिरामी भएर उनको माइजु औषधि उपचार गराउन बम्बई जानुभयो । आफ्नो सानो भाइ र उनी त्यो दुईजना मात्रै किशोर र किशोरीहरू थिए।

मैले यो कुरा कहानी किन भनेको भने जो समाजमा गरिब हुन्छ, दयनीय हुन्छ, जसको सहारा हुँदैन, उसैमाथि बढी हिंसा हुन्छ, उसैमाथि बढी अत्याचार हुन्छ। र उसैले बढी पीडा खेप्नुपर्छ। यो घटना पनि त्यतातिर लक्षित भएको कारणले मैले यो कुरा यहाँसँग राखेको हो। यो अपराध अनुसन्धान विभागले एउटा तथ्याङ्क सार्वजनिक गरेको छ यो जेठ महिनाको कि परिवारका सदस्यहरूबाट एक महिनामा ४८ जना बलात्कृत भए, केटा साथीबाट २२ जना, चिने जानेकाबाट १४७ जना, छिमेकीबाट ५० जना, नचिनेकाबाट १३ जना र कस्तो स्थानमा भए भनेर पनि डाटा सार्वजनिक गरेको छ। घर कोठामा १८९, होटल गेस्ट हाउसमा ६ जना, सार्वजनिक स्थानमा ६९, सवारी साधनमा १ जना। यसरी दर्ता भएका छन्, एक महिनाको घटना मैले यहाँलाई भनेको, मैले यो किन भनिरहेको छु भने जो सहाराविहीन छन्, गरिब छन्, दुःखी छन्, उनीहरू आफ्नै घरमा पनि सुरक्षित छैनन् आफन्तहरूबाट पनि उनीहरू सुरक्षित छैनन्। यी डाटाहरूले यो कुरा बताएको छ। एउटा हिंसासँग धेरै हिंसाहरू जोडिएर आएका हुन्छन्। शारीरिक हिंसा भविष्यमा गएर उसलाई प्रजननको समस्या हुन सक्छ। मानसिक समस्या, आत्मविश्वास गुम्छ। आर्थिक समस्या, सामाजिक समस्या उसलाई लाञ्छना लगाइन्छ, उसैलाई दोषी करार गरिन्छ। यी सबै कुराहरूका कारणले गर्दाखेरि उसको सामाजिक सम्मान र आत्मसम्मानमा जुन चोट र क्षति पुग्छ, त्यसको भरपाई कसले गर्ने ? म यो घटनाको निन्दा गर्न चाहन्छु किशोरीलाई न्यायको माग गर्दछु र भन्छु- बलात्कारीको दोषी को? यो राज्य पनि हो, समाज पनि हो, परिवार पनि हो, स्थानीय तह, प्रदेश, महिला मन्त्रालय, राष्ट्रिय महिला आयोगहरू कहाँ सुतिरहेका छन् जवाफ चाहिन्छ। र म भन्छु कि गृहमन्त्रीले यो रोष्ट्रममा आएर जवाफ दिनुपर्छ, महिलाहरूमाथि यस्ता घटनाहरू कहिलेसम्म हुने? वडा अध्यक्षहरू जो छाउपडी बारिरहेका छन्, त्यहाँबाट कारबाही सुरु होस्। यो माग गर्दै म बिदा हुन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:-माननीय सदस्य विष्णुकुमारी सापकोटा ।समय ७ मिनेट। त्यसपछि माननीय सदस्य भुवनबहादुर सुनार।

(१४:३० बजे)**माननीय श्री विष्णु कुमारी सापकोटा(नेपाली काङ्ग्रेस)**:-सम्माननीय अध्यक्षज्यू, गौतम बुद्ध र सीता, भृकुटी जन्मेको यो देशमा आज हत्या, हिंसा, बलात्कारीको बिगबिगी बढेको छ। आज छोरी बुहारी कुनै पनि महिलाहरू निर्धक्क भएर बाहिर हिँडडुल गर्ने अवस्था छैन। अपराधीहरू खुलमखुल्ला हिँडेका छन् तर सरकार मौन छ। असार ३ गतेका राती अछाम जिल्ला पञ्चदेवल नगरपालिका वडा नम्बर २ छाउपडी गोठमा बसेकी १६ वर्षीय किशोरीमाथि बलात्कारपछि हत्या गर्ने प्रयास गरिएको छ, जुन यो समाचारले हामी समग्र महिलाहरू स्तब्ध भएका छौं। हामीले के यसैको लागि, यो व्यवस्थाको लागि लडेका हौं? आज के महिलाहरूको बाँच्न पाउने अधिकार छैन। सरकार किन मौन छ। यस्ता अपराधीहरूलाई कडा भन्दा कडा सजायको माग गर्दै माननीय गृहमन्त्रीलाई सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू संसद सचिवालयका कर्मचारीहरू आज लामो समयदेखि आन्दोलनमा हुनुहुन्छ। उहाँका जायज मागहरूको छिटोभन्दा छिटो सम्बोधन होस्।

यसैगरी यो जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव नेपालमा पनि परिसकेको छ। यो वर्ष मनसुनजन्य घटनाबाट १८ लाख नागरिक र ८३ हजार घरपरिवार प्रत्यक्ष प्रभावित हुन सक्ने आँकलन छ। यी नागरिकहरूको सुरक्षा र उचित बसोबासको व्यवस्था कहाँसम्म पुग्यो? माननीय गृहमन्त्रीज्यू, माननीय गृहमन्त्रीज्यू के यो सरकारको काम नागरिकहरू मरिसकेपछि उनीहरूका शव खोज्ने र बोक्ने सुरक्षाकर्मीको काम हो। यसको जवाफ सम्माननीय अध्यक्षज्यूमार्फत गृहमन्त्रीलाई गृहमन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, आज हामीले गरेको विकासले किन रोजगार दिन सकेन। हाम्रो विकास निकास बन्न नसकेको कारण पनि हामी नै हो। जो सरकारमा छौं जनप्रतिनिधिको रूपमा उपस्थित भएका छौं । अब यो विकासको मोडालिटी परिवर्तन गर्नुपर्छ। विकास पिरामिड आकारको शैलीमा वृद्धि गर्दै लैजानुपर्दछ। जसका लागि स्थानीय तहलाई मजबुत र बलियो बनाउँदै लैजानुपर्दछ। विकास स्थानीय सरकार प्रदेश सरकार हुँदै संघीय सरकारतिर जानुपर्नेमा हामी त्यसको

ठिक उल्टो काम गरिरहेका छौं जसका कारण प्रदेश र स्थानीय सरकार साँघुरो र आश्रित बनेका छन्। स्थानीय स्रोत साधन परिचालन र आत्मनिर्भरताका लागि स्थानीय सरकारलाई बलियो र मजबुत बनाउन सबै प्रकारका स्थानीय स्रोत र साधन खोज र प्रयोगका लागि पूर्ण अधिकार हस्तान्तरण गर्दै स्थानीय तहदेखि प्रदेश सरकारहरूलाई साना घरेलु मझौला तथा ठुला ठुला कारखाना सञ्चालनका लागि नीतिगत विधायिकी अधिकार प्राप्त प्रदान गर्ने र मुलुकलाई नै उद्योगमैत्री बनाउन पहल गरियोस्। स्थानीय स्तरमा अवस्थित उपलब्ध ठुला ठुला नालाबाट खेर गइरहेको पानीलाई सदुपयोगका लागि लघुविद्युत उत्पादन, खपत र वितरणका लागि स्थानीय सरकारलाई नै सर्वाधिकार दिइयोस्।

सम्माननीय अध्यक्षज्यू, आज नेपाललाई विदेश गइरहेको देश, पढ्न, सुन्न र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका दृश्य, हृदयविदारक दृश्यहरूले चित्रित गर्दछ। अब नेपाल सरकार विदेशमा युवा शक्ति कहिलेसम्म बेच्ने? हाम्रो मानवीय पुँजी हाम्रो उत्पादन बन्न हामी कहिलेसम्म पाउँछौं? स्वदेश फर्की आएका नेपाली नागरिकको लगानीलाई सुरक्षित गरी उनीहरूले वैदेशिक रोजगारीका क्रममा आर्जन गरेको ज्ञान र सिपको कदर कसले गर्ने? परम्परावादी सोच र व्यवहारबाट माथि उठ्न नसकेका हामी स्वदेश वा विदेशका महिला पुरुष सबै वर्ग, समुदाय सुहाउँदो परिवेश कहिले सुरुवात हुन्छ? नेपालको संविधान २०७२ मा उल्लिखित मौलिक अधिकार कति पनि कन्जुस्याइँ नगरी खुलेर प्रदान गरौं। अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमा कत्ति पनि ढिला नगरौं। जन्मदैं गरेको शिशुलाई गर्भमै लगानी गरौं, ऋणको भारी नबोकाऔं। विदेशी ऋणले मुलुक कहिले समृद्ध बन्दैन । समृद्धिका नारा बनाउन भन्दा देशभित्रै सम्भावना र विकल्पहरू खोजौं। विकास मानव सूचकाङ्क पनि हुनुपर्दछ।

यति गर्दागर्दै पनि सम्माननीय अध्यक्षज्यू, आखिर हाम्रो देशमा समृद्धि सम्भव छ। रोजगार र विकासका लागि थुप्रै सम्भावनाहरू र विकासहरू हामीभित्रै छन्। हाम्रो सरकार हाम्रो सरकारहरू देशभित्र भएका सम्भावना र विकल्पको खोजी नगरी मृगले आफ्नो नाभीको कस्तुरी खोज्न दौडे जस्तै आफ्ना युवाशक्ति, श्रमशक्ति जति विदेशी रोजगारमा पठाउने काम मात्र महत्त्वपूर्ण सम्झेको छ। त्यसबाट आज र भोलि के असर पर्छ भन्ने कुरातिर ध्यान दिएको देखिँदैन। आज हामी सरकारको इच्छाशक्ति वृद्धि गर्नेतिर भन्दा पनि नागरिकलाई ठग्ने, भ्रष्टाचार गरेर देश लुट्ने, नागरिकका मात्र सहिदहरूको बलिदानलाई अनादर गर्ने सत्ता र शक्तिमा तल्लीन भएका छौं। देशको सुशासन अत्यन्तै

कमजोर हुँदै गएको छ। संविधानभित्र उल्लेखित कुराहरू, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, ऐन कानुनहरू, कार्यान्वयनमा अत्यन्तै ढिलासुस्ती भएकाले संसदीय व्यवस्थामाथि नै आँच आउने भएको आँच आउने भएको छ जनताप्रतिको पारदर्शिता जवाफदेहिता हाम्रो कर्तव्य हो भन्ने कुरा विर्सन हुँदैन थियो तर विर्सिरहेका छौं। धन्यवाद ।जय नेपाल।

<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्य भुवनबहादुर सुनार समय ७ मिनेट।

(१४:३६ बजे)<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-सम्माननीय अध्यक्षज्यू, आज समसामयिक विषयमा बढी छलफल भइरहेको छ। त्यसमा म आफू पनि सहभागी हुन चाहन्छु। लामो समयदेखि संघीय संसदका सचिवालयका कर्मचारीहरूले आन्दोलन गर्दै आइरहनुभएको छ। र काममा बाधाहरू पर्नसक्ने सम्भावनाहरू बढेकोले गर्दा चाँडोभन्दा चाँडो सरकारले आन्दोलनरत कर्मचारीलाई वार्तामा ल्याई त्यो समस्या समाधान गर्न माग गर्दछु।

त्यस्तै पश्चिम नेपालमा जसरी यो रूढीवादी र अन्धविश्वासमा जकडिएको समाजले अहिले पनि यो छाउपडी प्रथालाई कायमै राखेको अवस्था हामीले सुन्ने गरेका छौं। त्यही छाउपडीमा निस्सासिएर किशोरीहरूको मृत्यु भएको कुरा त्यही झुपडीमा, छाउपडीमा सर्पले टोकेर महिलाहरूको मृत्यु भएको कुरा हामीले सुन्दै आएका छौं। रातो त्यस्ता दुःखद् घटनाहरू घटिरहेका छन्। पछिल्लो समय जसरी अछाम जिल्लामा छाउपडीमै किशोरी बलात्कृत भइन्। त्यसको घोर निन्दा गर्दै यो पुरुषवादी समाज अत्यन्तै क्रुर छ। जसले बलात्कार, हत्यासम्म गर्न पुग्छ र यसलाई दिगोपनको लागि राज्यले बनाएका नीति नियमहरू प्रभावकारीरूपमा अझै पनि कार्यन्वयन हुन सकेको छैन। त्यसले गर्दा यस्ता घटनाहरूलाई निरुत्साहित गर्न सकिरहेको छैन। हुन त थुप्रै संघ संस्थाहरू, राज्य लागेको छ। मैले गीत सुन्थें कि "छाउपडी जाने बेलामा भेट भएन, तिमी बिताउ अब स्वर्गमा भेटौला" गीतहरू गाएको सुन्ने गर्थ्यौं। त्यता घटनाहरू पश्चिम नेपालमा घटिरहेकै छन्।

त्यस्तै अहिले फरमान जारी गरेको छ सरकारले, अब ज्येष्ठ नागरिक भत्ता लिनको लागि त्यो राष्ट्रिय परिचय पत्र नलिई सम्भव छैन भन्ने एक किसिमको चाहिँ आतङ्कित बनाएको छ। जो वृद्धाहरूलाई, आपाङ्गहरूलाई असाध्यै कठिन हुने कुरा बल्ल बल्ल चाहिँ नागरिकता बनाएको छ। तर नागरिकताबाट चाहिं लिइरहेको भत्तालाई अझै जटिल बनाएर राष्ट्रिय परिचय पत्रको कुरा उठिरहेका छन्। मैले असोज कार्तिकतिर भरेको राष्ट्रिय परिचयपत्रको अहिलेसम्म कार्ड पाएको छैन। अनि यो राष्ट्रिय परिचयपत्र बनाउने कुरा भएको छ। त्यो जटिल छ त जटिल त्यसै आएर अब अहिले चाहिँ

असारमै यो चाहिँ ज्येष्ठ नागरिक भत्ता लिनलाई कठिन बनाएका फरमानहरू चाहिँ भएका छन्। त्यो जायज छैन। सरकारले गम्भीर रूपले यसमा विचार गर्नुपर्छ। किनभने सबैभन्दा ठुलो त चाहिँ नागरिकताको प्रमाणपत्र नै छ। नागरिकता प्रमाण हुँदा हुँदै राष्ट्रिय परिचय पत्र भनेको छ यसले वृद्ध वृद्धाहरूलाई समस्या पारेको छ।

त्यस्तै गरेर चाहिँ अलि बैंकमा खाता खोल्ने विषय, लाइसेन्स लिने विषय पनि अहिले जटिल बनाएको छ। यसले फेरि चाहिँ थप जनतालाई पीडा दिन्छ भन्ने लाग्छ। त्यसले गर्दा यसको बारेमा सरकारले विचार गरोस् भने माग गर्दछु। त्यस्तै हिजोसम्म खडेरीले मान्छे फत्र्याक फत्र्याक भएका थिए । जलवायु परिवर्तनको कारणले फेरि पूर्वी नेपालमा यो मनसुन, पूर्वी नेपालमा भित्रियो। त्यसले पनि फेरी भित्रिन पाए छैन। जनधनको क्षति भएको समाचारहरू आइरहेका छन्। र हामीलाई दुःखित बनाएको छ। र यसको बारेमा सरकारको तयारी अलि सशक्त हुन आवश्यक छ। थप क्षति हुन नदिनलाई सरकारको तयारी चाहिँ के छ भन्ने कुराहरू पनि यहाँ आएर चाहिँ गृह मन्त्रीले स्पष्ट पार्दा राम्रो हुन्थ्यो भने विषयमा माग गर्दछु।

अहिले हामीले भर्खर बजेटका कुराहरू आइरहेका छन्। अब बजेट भाषण पछि जनतामा यस्तो उत्साह पैदा भएका छन्। अब हाम्रो गाउँको बाटो बन्छ, हाम्रो गाउँको पुल बन्छ, हाम्रो फाँट चाहिँ सिँचाइ हुन्छ भनेर चाहिँ जनताहरू उत्साहित छन्। तर अहिलेसम्मको सबभन्दा विकृति के छ भनेर चाहिँ यो टेन्डर, टेन्डर लिँदा थोरै भन्दा थोरै घटेर लिने, समयमा काम नहुने, गुणस्तरीय काम नहुने र त्यो चाहिँ जनतालाई चाहिँ दुःख दिने बाटो बाहेक केही नहुने, ठेकेदार, इञ्जिनियर मोटाउनुभन्दा बाहेक केही भएको छैन। यस भन्दा अगाडि हाम्रा सशक्त नहुनमा यो चाहिँ तत्त्वहरू वढी प्रभावित छन्। यो तत्त्वहरू हावी भएर यो देशको चाहिँ वास्तवमा विकास हुन सकेको छैन ।

पुलहरू नबन्दा आज पनि कति मान्छेहरू खोलै भएर जानु परेर त्यस्तो अवस्थाले चाहिँ मानवीय क्षतिहरू भइरहेका छन्। यो कारणले गर्दा हाम्रो विकासको कामहरू वास्तवमा एकदम राम्रो हुँदाहुँदै पनि त्यो विभाग, त्यो इञ्जिनियर, त्यो ठेकेदारको कारणले गर्दा चाहिँ सबै बिग्रिरहेको छ। त्यो सुधार्न सक्छौं भने नेपालमा राम्रै विकास हुन सक्छ र राम्रै उपलब्धि हुन सक्छ भन्ने कुरा राख्दै म विदा हुन्छु। हवस् ।

(१४:४३ बजे)<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, हाम्रो यो सभामा विशेष समय, शून्य समयलगायत जुन समयमा माननीय सदस्यहरूले विषयहरू उठाउनु हुन्छ ती उठेका विषयहरू सधैंजसो हामी सम्बन्धित मन्त्रीकहाँ पठाउने पनि गरेका छौं। हरेक दिन त्यो पठाउने गरेका छौं र अर्को कुरा यहाँ उठेका विषयहरूको बारेमा जवाफ दिनको निम्ति मन्त्रीहरूको कार्यतालिका हामीले त्यहाँ दिइसक्या छौं, दोस्रो कुरा। तेस्रो कुरा यी सबै विषयलाई अघिल्लो बैठक ४ गतेको बैठकमा हामीले गम्भीर ढङ्गले रुलिङ गरेर ध्यानाकर्षण पनि गराएका छौं। त्यसकारण यो सबै विषयहरू भएको हुनाले मैले फेरि पनि सचिवालयलाई के निर्देश दिन्छु भने यहाँ आज जुन गम्भीरताका साथ विषय उठेको छ । अछामको त्यो नानीको बारेमा यो बारेमा गृहमन्त्रीले आएर याहाँ जवाफको निम्ति म ध्यानाकर्षण गराउँछु र सचिवालयलाई पत्र पठाउन म निर्देशन दिन्छु।

माननीय सदस्यहरू, "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त हुन नआएको बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, अब म, माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेतलाई "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:४७ बजे)**माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेत:-** सम्माननीय अध्यक्ष महोदय, ऊर्जाको प्रयोग नभई मानव जीवन असम्भवप्राय: छ। मानव समुदायले विगत लामो समयदेखि प्राकृतिकरूपमा उपलब्ध हुने सौर्य, जैविक, वायु तथा जलस्रोत जस्ता नवीकरणीय ऊर्जाका स्रोतहरू र पेट्रोल, कोइला, डिजेल, मट्टीतेल जस्ता जीवाश्म इन्धनका स्रोतहरू प्रयोग गरी आफ्ना आवश्यकताहरू परिपूर्ति गर्दै आएको छ। पछिल्ला केही दशकहरूमा सौर्य, जैविक, वायु तथा जलस्रोत जस्ता नवीकरणीय ऊर्जाका स्रोतहरूको विकास र प्रयोगमा समेत वृद्धि हुँदै आइरहेको छ। पछिल्ला वैज्ञानिक अध्ययनहरूले मानव समुदायले गरेको जीवात्मा तथा परम्परागत ऊर्जाको अत्यधिक प्रयोगले विभिन्न हरित गृह ग्यासहरू कार्बन डाइ अक्साइड, मिथेन, नाइट्रस् अक्साइड, हाइड्रो क्लोरोफ्लोरो कार्बन औद्योगिक ग्यासहरू आदि उत्सर्जन हुन गई पृथ्वीको तापक्रम बढ्दै गएको जसको कारणले वातावरणमा नकारात्मक असर पारेको र मौसमको स्वरूपसमेत परिवर्तन गरिदिएको मौसम परिवर्तनले सम्पूर्ण वनस्पति तथा प्राणी जगतलाई सङ्कटतिर धकेलिरहेको तथ्यहरू

उजागर हुँदै आइरहेका छन् भने अर्कोतिर विद्यमान यस किसिमको सङ्कटलाई नवीकरणीय ऊर्जाका स्रोतहरूबाट ऊर्जा प्राप्त गर्न तथा उपलब्ध ऊर्जाको दक्षतापूर्वक प्रयोग गरी कम लागतमा वस्तु उत्पादन तथा सेवा प्रदान गर्न कतिपय मानवीय क्रियाकलापहरूलाई व्यवस्थित, नियन्त्रितरूपमा सञ्चालनसमेत गर्दै आएका छन्। नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तार गरी वातावरण संरक्षण गर्न संरक्षण गर्न ऊर्जाको समुचित उपयोग बचत र संरक्षण गर्दै ऊर्जाको पहुँचमा वृद्धि गरी दिगो विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विकासको आवश्यकतालाई परिपूर्ति गर्न आजको प्रमुख आवश्यकता बनेको छ। ऊर्जाको समुचित उत्पादन प्रयोग तथा संरक्षण गर्न विश्वका धेरै देशहरूले नवीकरणीय ऊर्जा उत्पादन र वितरण तथा ऊर्जाको दक्षतापूर्वक प्रयोग तथा संरक्षण गर्ने सम्बन्धमा छुट्टाछुट्टै वा दुवै विषय समावेश गरी एउटै ऐनमार्फत ऊर्जाको विकास तथा ऊर्जा दक्षता हासिल गर्न उद्योगधन्दा तथा कलकारखानाले दक्षतापूर्वक न्यून ऊर्जा खपत गर्ने प्रविधि, मेसिनरी उपकरण प्रयोगमा ल्याउनुपर्ने, औद्योगिक तथा व्यापारिक भवनहरू ऊर्जादक्ष बनाउनुपर्ने, तोकिएको परिमाण भन्दा बढी ऊर्जा खपत गर्ने उद्योग तथा व्यापारिक भवनहरूको मान्यताप्राप्त ऊर्जाबाट ऊर्जा परीक्षण गराउनुपर्ने, घरायसी परियोजनका विद्युतबाट चल्ने यन्त्र उपकरण तथा सामग्रीहरू बिजुली बिजुलीबत्ती, टेलिभिजन, refrigerator, air conditioner, पङ्खा आदिको ऊर्जा खपत मापदण्ड तोक्ने र बिक्री वितरणमा ल्याउने त्यस्ता सामग्रीहरूमा ऊर्जा दक्षताको जानकारी दिन सक्ने सूचकपत्र लेभल टाँस गरेको हुनुपर्ने जस्ता कानुनी व्यवस्था गरी हरित ग्यास कटौती गर्ने कार्यमा योगदान पुर्याइरहेका छन्।

नेपालको संविधानको धारा ५१ छ ३ मा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास नागरिक आधारभूत आवश्यकताहरू परिपूर्तिका लागि सुपथ र सुलभरूपमा भरपर्दो आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने भनी व्यवस्था गरिएको छ। ग्रामीण ऊर्जा नीति २०६३ ले ग्रामीण क्षेत्रमा साना तथा लघु जलविद्युत आयोजना, जैविक ग्यास सुधारिएको चुलो, सुधारिएको पानीघट्ट, सौर्य ऊर्जा प्रणाली आदिको विकास तथा केन्द्रीय ग्रिडको विस्तार गर्ने आदि जस्ता कुरा उल्लेख गरिएको छ भने राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५ ले ऊर्जाको दक्षता बढाउन तथा ऊर्जा संरक्षण हासिल गर्न सोसम्बन्धी राष्ट्रिय कानुनको निर्माण नियमन गर्ने निकाय, समिति स्थापना गर्ने रणनीति लिएको हुँदा नेपाल सरकार ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक तर्जुमा गरेको हो। यो विधेयक पारित भयो भने नेपालमा नवीकरणीय ऊर्जाको विकास तथा वितरणको सहज वातावरण तयार हुने तथा ऊर्जादक्ष प्रविधि र उपकरण

प्रयोगमा ल्याउन सकिने वातावरण तयार भई वस्तु तथा सेवाको उत्पादन लागत क्रमशः घट्दै जाने, वातावरण संरक्षणमा योगदान पुग्न जाने, जलवायु परिवर्तनको असर न्यूनीकरणमा सकारात्मक योगदान पुग्न जाने तथा ऊर्जा दक्षताबाट बचत भएको ऊर्जालाई ऊर्जाको पहुँच कम भएको क्षेत्रमा वितरण गरी मुलुकको दिगो विकास हासिल गर्ने राष्ट्रिय उद्देश्य प्राप्तिमा सहयोग पुग्ने छ।

संघीय संसदसमक्ष पेश भएको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयकमा अन्तर्निहित प्रमुख उद्देश्यहरू देहाय बमोजिमका रहेको छ। नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तार गरी वातावरण संरक्षणमा योगदान पुर्याउन उचित कानुनी व्यवस्था गर्ने, नवीकरणीय ऊर्जाको प्रवर्धन, विकास र विस्तार गरी दिगो ऊर्जामा नागरिकको पहुँच वृद्धि गर्ने, जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा तोकिएको हुँदा ती निकायहरूबीच आवश्यक सहकार्य र समन्वय गर्नुपर्ने, नवीकरणीय ऊर्जाको प्रवर्धन विकास र विस्तार गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको सहकार्य तथा साझेदारीमा केन्द्रले आवश्यकता अनुसार नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्षम र सबल हुनुपर्ने, ऊर्जा दक्षतामार्फत ऊर्जाको समुचित उपयोग बचत र संरक्षण गर्दै ऊर्जाको प्रयोग र उपभोगमा सर्वसाधारणको पहुँचमा वृद्धि गरी दिगो विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जादक्षता प्रवर्धन गर्ने, गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्ने, नेपालको संविधानमा उल्लेखित नवीकरणीय ऊर्जाको उत्पादन र विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ तथा सुलभ मूल्यमा भरपर्दो आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने नीतिको कार्यान्वयन गर्न कानुनी तथा संस्थागत आधार तयार गर्ने, ग्रामीण ऊर्जा नीति २०६३ र राष्ट्रियता रणनीति २०७५ ले परिकल्पना नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा काम गर्ने निकायको काम कर्तव्य अधिकार दायित्व तथा जिम्मेवारीसम्बन्धी कानुनी व्यवस्था गर्ने। पिछडिएको ग्रामीण क्षेत्र तथा समुदायमा नवीकरणीय ऊर्जाको पहुँच अभिवृद्धि गर्न अनुदान तथा ऋणसम्बन्धी कानुनी व्यवस्था गर्ने, उद्योगधन्दा कलकारखाना तथा व्यावसायिक प्रतिष्ठानमा ऊर्जाको दक्षतापूर्वक प्रयोग गरी न्यून लागतमा वस्तु उत्पादन तथा सेवा प्रदान गर्न प्रोत्साहन गर्ने तथा मादणड बमोजिम ऊर्जा खपत भए नभएको यकिन गर्न मान्यता प्राप्त ऊर्जा परीक्षाबाट आवधिकरूपमा ऊर्जा परीक्षण energy audit गर्ने तथा ऊर्जा संरक्षणको लागि विभिन्न यन्त्र उपकरणले खपत गर्ने, ऊर्जाको मापदण्ड निर्धारण गरी त्यस्तो यन्त्र उपकरणमा ऊर्जा खपतको स्तर देखाउन सबै उपभोक्ताले बुझ्नेगरी बुझ्ने गरी सक्ने सङ्केत अङ्कित लेबल टाँस गर्नुपर्ने, बुझ्ने गरी सङ्केत अङ्कित लेबल टाँस गर्नुपर्ने गरी कानुनी

व्यवस्था गर्ने, ऊर्जा सघन उद्योगधन्दालाई ऊर्जा दक्ष बनाउन ठुलो धनराशी आवश्यक हुन सक्ने अवस्था समेतलाई विचार गरी लगानीकर्ता तथा उद्योगीबीच आपसी सहमतिमा करार गरी त्यस्तो लगानीबाट प्राप्त प्रतिफल बाँटफाँट गर्ने करारद्वारा लगानीकर्ता र उद्योगीविच उद्योगधन्दामा ऊर्जाका प्रविधि तथा उपकरण जडान गर्ने लगायतका योजना र कार्यक्रम तयार गरी लागू गर्न प्रोत्साहन गर्ने, नवीकरणीय ऊर्जा तथा ऊर्जादक्षताको लागि सहुलियतपूर्ण ऋण प्राप्ति तथा ऊर्जाको बजार विस्तारमा सहयोगीको भूमिका निर्वाह गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कोषको व्यवस्था गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण, आपूर्ति तथा ऊर्जा खपत गर्ने यन्त्र मेसिनरी साधन वा सामग्रीको मापदण्ड तोक्ने जाँच तथा परीक्षण गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने, ऊर्जा बचत योजनामा सहभागी भई ऊर्जा दक्षता तथा संरक्षणबाट लक्षित परिमाणको ऊर्जा बचत गर्न सफल उद्योगी व्यवसायलाई ऊर्जा दक्षता प्रमाणपत्र प्रदान गर्ने र लक्षित परिमाणको ऊर्जा बचत गर्न नसक्ने उद्योगी व्यवसायीले अनिवार्य किन्नु पर्ने कानुनी व्यवस्था गर्ने, ऊर्जा दक्षताको माध्यमबाट ऊर्जाको अनावश्यक र अवैज्ञानिक खपत गर्ने प्रणालीको अन्त्य गर्दै हाल नेपालले आयात गर्दै आएको ऊर्जाको परिमाण घटाई व्यापार घाटा न्यूनीकरणमा सहयोग पुर्याउने, ऊर्जाको दक्षतायुक्त प्रयोग र बचतबाट ऊर्जा सुरक्षा energy security हासिलमा सघाउ पुऱ्याउने।

सम्माननीय अध्यक्ष महोदय, नवीकरण ऊर्जा तथा ऊर्जा दक्षता विधेयक ल्याउनुपर्ने कारणहरू नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा रहेको देहाएका समस्याहरूलाई सम्बोधन गर्ने यो विधेयक आवश्यक भएको हो। ग्रामीण ऊर्जा नीति, २०६३ ले परिकल्पना गरेको नवीकरण ऊर्जाको विकास तथा विस्तार गर्न तथा राष्ट्रिय ऊर्जा दक्षता रणनीति २०७५ ले परिकल्पना गरेको ऊर्जा दक्षता अभिवृद्धि गर्न र ऊर्जा संरक्षणका सम्बन्धमा नियमन तथा व्यवस्थापन गर्ने कानुनको अभावलाई पूर्ति गर्न, नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताका सम्बन्धमा संघीय इकाईहरूबीच अधिकार र जिमेबारीको बाँडफाँट गर्न तथा आपसी समन्वय गर्ने संघीय कानुनको आवश्यकता पूरा गर्न, नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको क्षेत्रलाई नियमन गर्ने नियमनकारी निकायको अभावलाई पूर्ति गरी आवश्यक अधिकार प्रदान गर्न, ऊर्जाको असमान र अनावश्यक प्रयोग गर्ने अभ्यास र प्रणालीको कारण सृजित समस्यालाई सम्बोधन गर्न, नवीकरणीय ऊर्जाको उत्पादन तथा ऊर्जा ..... उद्योग कलकारखानामा ऊर्जाको दक्ष प्रयोगद्वारा ठुलो परिमाणमा ऊर्जा बचत हुन सक्ने भएकोले ऊर्जा तथा ऊर्जा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको आयातको न्यूनीकरणमार्फत व्यापार घाटा घटाई भुक्तानी सन्तुलनमा परेका प्रभाव सम्बोधन गर्न, नवीकरण ऊर्जाको विकास तथा ऊर्जा दक्षता प्रयोग

र प्रणाली अवलम्बन गरी जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सकारात्मक दान गर्ने विश्वव्यापी अभियानमा योगदान पुऱ्याउन, नवीकरणीय ऊर्जाको प्रवर्धन विकास र विस्तार गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको सहकार्य र साझेदारीमा केन्द्रले आवश्यकता अनुसार नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न वा गराउन तथा त्यस्तो कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्न नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहबीच सहकार्य र समन्वय कायम गर्न सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ यस सम्मानित सभासमक्ष पेश गर्दछु। धन्यवाद।

(१४:५५ बजे)**सम्माननीय अध्यक्ष**ः-माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार १० गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल असार १० गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगितः १४:५५ बजे।